जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हिंसामुक्त घर,
सुखी परिवार
समृद्ध समाजको
बलियो आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १५३ • २०७९ साल कार्तिक ११ गते शुक्रबार (28 October, Friday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## ट्र्याक्टर पल्टिदा दुई जनाको मृत्यु



**टुडे समाचारदाता**

लहान । सिरहाको कल्याणपुरमा ट्र्याक्टर अनियन्त्रित भइ पल्टिदा दुई जनाको मृत्यु भएको छ ।

भित्रिसडक अन्तर्गत कल्यणपुरकै भोक्राहाबाट कल्याणपुर बजारतर्फ आउँदै गरेको नम्बर नखुलेको ट्र्याक्टर कल्याणपुर १० पर्चिलवामा दुर्घटना हुँदा चालक कल्याणपुर नपा ४ का ३० वर्षीय छेदुवा गोइत र केरा साहु सोही नगरपालिका ११ का ४५ वर्षीय दुखिया साहको घटनास्थमै मृत्यु भएको छ ।

छठ पर्वको लागि कल्याणपुर बजारमा बिक्रीको लागि ट्र्याक्टरमा केरा ल्याउँदै गरेको अवस्थामा ट्र्याक्टर अनियन्त्रित भइ दुर्घटना हुँदा च्यापिएर दुबैजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्र्याक्टरको नम्बरप्लेट मेटिएकाले देखिने अवस्थामा थिएन । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल सिरहा लगेको बताइएको छ ।

# महोत्तरीको भँगहामा दुई समुदायबीच झडप

## गोली लागेर एकको हात काटियो, डीएसपी सहित ३ दर्जन घाइते, नगर क्षेत्रमा कर्फ्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको भंगहा नगरपालिकाको वडा नम्बर ८ पररियामा बिहीबार दुई समुदायबीच भएको झडपमा गोली लागेर एकजनाको हात काटिएको छ । डीएसपी सहित झण्डै तीन दर्जन घाइते भएका छन् । स्थितिलाई नियन्त्रण गर्न भँगहा नगरपालिकामा कर्फ्यु आदेश जारी गरिएको छ ।

हिन्दू सम्राट सेनाले शोभायात्रा निकालेको बेला दुई समुदायबीच झडप भएको प्रहरीले जनाएको छ । महोत्तरीका प्रहरी प्रमुख एसपी कृष्णप्रसाद पंगेनीले जनाए अनुसार शोभा यात्रा पररियाको मुख्य चोकस्थित गोलम्बरमा पुगेपछि झडप भएको थियो । नजिकैको दुई तले घरको छतबाट महिलासमेतले ढुंगामुढा गर्न थालेपछि डीएसपी चन्देश्वर यादव सहित ९ जना सुरक्षाकर्मी र दुई दर्जन बढी सर्वसाधारण घाइते भएको उनले जनाए ।

स्थितिलाई नियन्त्रण गर्न प्रहरीले लाठीचार्ज गरेको, अश्रुग्यास र हवाईफायर गर्नु परेको घाइते डीएसपी यादवले बताए । प्रहरीले चलाएको गोली हातमा लागेर घाइते भएका मो. इम्तियाज राइनको उपचारको क्रममा हात काटिएको छ । ढुंगा लागेर टाउको फुटेको मो. मन्नु राइनको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहेका प्रहरी नायव उपरीक्षक (डीएसपी) चन्देश्वर यादवका अनुसार हिन्दु सेना सम्राटका कार्यकर्ताहरुले पूर्व निर्धारित कार्यक्रम अनुसार शोभा यात्रा निकालेका थिए । 'बिहान करिब १० बजेको समयमा हिन्दु सेना सम्राटले शोभा यात्रा निकालेकाले दुबै समूहबीच झडप भएको थियो' उनले भने, दुबैतर्फबाट भएको ढुंगामुढाको क्रममा प्रहरीले ३१ राउण्ड हवाई फायर गरेका थिए । केही राउण्ड टियर ग्यास फायर गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट पूर्व अनुमति लिएर हिन्दू सम्राटले शोभा यात्रा निकालेको बताइएको छ । शोभा यात्राको क्रममा झडप हुन नदिन डीएसपी यादवको नेतृत्वमा प्रहरी परिचालन गरिएको थियो । शोभा यात्रा गाउँको चोकमा रहेको गोलम्बरमा पुगेर झण्डा गाड्न खोज्दा छेउका घरहरुको छानाबाट अन्धाधुन्ध ढुंगामुढा गरिएको स्थानीय प्रत्यक्षदर्शीहरुले जनाए । छतमा पहिलेदेखि नै ढुंगा र इँटाका टुक्राहरु थुपारिएको उनीहरुको कथन छ ।

छतबाट प्रहार गरिएको ढुंगाले डीएसपीको हात र टाउकोमा चोट लागेको बताइएको छ । उनको हात सुनिएको छ । लामो समय दुईतर्फी नै ढुंगामुढा भएको थियो । पररियामा शान्तिसुरक्षाको स्थितिलाई नखल्बलाउन हिन्दू र मुस्लिम पक्षसित छुट्टाछुट्टै छलफल गरिएको बताउँदै एसपी पंगेनीले भने, दुबै पक्षले विवाद सृजना हुन नदिने प्रतिबद्धता जनाएका थिए ।



स्थितिलाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालय महोत्तरीले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेकोछ । शान्ति सुरक्षा कायम गर्न दिउँसो ४ बजेदेखि अर्को आदेश नहुञ्जेल सम्मका लागि कर्फ्यु आदेश जारी गरिएको जिल्ला प्रशासनको सूचनामा उल्लेख छ ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले स्थितिलाई सामान्य बनाउन दुबै समुदायका अगुवा र स्थानीय जनप्रतिनिधिहरुसित संवाद भइरहेको बताए ।

प्रमुख जिल्ला अधिकार पहाडीद्वारा जारी कर्फ्यु आदेशमा सम्प्रदायिक सद्भावमा खलल पुग्ने गरी दुई पक्षबीच झडप भएको जनाइएको छ । कर्फ्यु जारी भएका स्थानमा भेला, जुलुस, प्रदर्शन, घेराउ, ऱ्याली र सभा नगर्न प्रशासनको आदेशमा भनिएको छ । कर्फ्यु उल्लंघन हुने कार्य गरेमा कडा कारबाही हुने प्रशासनले चेतावनी दिएको छ ।

हिन्दूहरुको छठ पर्व आएको र चुनावको प्रचारप्रसार तीव्र हुन थालेको बेला भएको दुई समुदायबीचको झडपले तनाव बढाएको छ । शुक्रबार हिन्दूहरुको छठ पर्वको पवित्र स्नान र चोखो खाने दिन हो । शनिबार खरना र आईतवार सन्ध्या अर्घ हुनेछ । प्रतिनिधि र प्रदेश सभा चुनावको प्रचारप्रसार पनि तीव्र बन्न थालेको छ । उम्मेदवारहरुले घरदैलो गरिरहेको अवस्थामा कर्फ्यु आदेश जारी भएको छ ।

पररिया महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा पर्छ । त्यहाँबाट सत्तारुढ गठबन्धनबाट लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारी, जसपा गठबन्धनबाट एमालेका डा. रामपरीक्षण यादव र गठबन्धन बाहिरबाट तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) का वरिष्ठ नेता डा.विजय कुमार सिंह प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार हुन् । कतिपयले घटनालाई चुनावसित पनि जोडेर हेरिरहेका छन् ।








**रानीपोखरीस्थित बालगोपालेश्वर मन्दिर**: काठमाण्डुको रानीपोखरीबीचमा रहेको बालगोपालेश्वर मन्दिरमा आएका सर्वसाधारण नागरिक । *तस्विरः रासस*

# एक पालिका एक सहुलियत खाद्य पसल खोल्न सिफारिस



काठमाण्डु । राष्ट्रिय योजना आयोगले एक पालिका एक सहुलियत खाद्यान्न पसल खोल्न सरकारलाई सिफारिस गरेको छ । नागरिकको खाद्य सुरक्षासम्बन्धी मौलिक हक कार्यान्वयनका लागि आयोगले ‘आपूर्ति नीति २०६९ को पुनरावलोकन अध्ययन प्रतिवेदन २०७९’ मार्फत् यस्तो सिफारिस गरेको हो ।

एक दशकअघिबाट कार्यान्वयनमा ल्याइएको राष्ट्रिय आपूर्ति नीतिका अधिकांश व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा आउन नसकेकाले त्यसलाई पुनरावलोकन गर्नु आवश्यक रहेको प्रतिवेदनमा जनाइएको छ । विद्यमान आपूर्ति नीतिमा खाद्य सुरक्षाका लागि सरकारले कम्तीमा २५ हजार मेट्रिक टन खाद्यान्नको मौज्दात राख्नुपर्ने लक्ष्य भएपनि त्यो पूरा हुन नसकेको तथा सहुलियत पसलको सङ्ख्या बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ ।

खाद्य सञ्चितिमा नेपाल सरकारको सार्वजनिक संस्थान र प्रदेश सरकारसँग समन्वय गरी प्रदेशगत रुपमा खाद्य भण्डारण गर्ने र यस कार्यमा प्रदेशलाई बढी जिम्मेवार बनाउनुपर्ने देखिन्छ’, प्रतिवेदनमा भनिएको छ, ‘आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनावद्ध आपूर्तिको व्यवस्था गरिनुपर्छ ।’

नेपालको संविधानले हरेक नेपाली नागरिकलाई खाद्यको हक सम्बन्धी व्यवस्था गरेको भए पनि त्यसको कार्यान्वयन सुस्त भएकाले अब खाद्य वस्तुको वितरणमा स्थानीय तहलाई जिम्मेवार बनाइनुपर्ने आयोगको निष्कर्ष छ । सार्वजनिक र निजी क्षेत्रसँगको साझेदारीमा एक पालिकामा कम्तिमा एउटा सहुलियत पसल खोली आवश्यक खाद्यान्न वस्तु प्रति परिवार तोकेको सहुलियत मूल्यमा बिक्री गर्ने प्रबन्ध मिलाउनुपर्ने उसको सुझाव छ । यस्ता सहुलियत पसलमा चामल, पिठो, दाल, नुन, तेल जस्ता पदार्थ अनिवार्य रुपमा राख्नुपर्नेछ ।

त्यस्तै, खाद्य सुरक्षाका लागि स्थानीय वस्तुको उत्पादन र सञ्चय बढाउनुपर्ने तथा स्थानीयस्तरमा नै खरिद गरी वितरण गर्ने व्यवस्था गनुपर्ने प्रतिवेदनमा उल्लेख छ । स्थानीय उत्पादनबाट अपुग भएमा मात्र आयात गर्ने नीति सरकारले लिनुपर्ने पनि आयोगको सुझाव छ ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको संयन्त्रले मात्रै बजार अनुगमन प्रभावकारी हुन नसकेको विषय पनि प्रतिवेदनमा औल्याइएको छ ।

उपभोक्ता हित संरक्षण ऐनले बजार अनुगमनमा प्रदेश र स्थानीय तहलाई समेत संलग्न गराउन खोजे पनि समुचित कार्य हुन नसकेको तथा तहगत जिम्मेवारी स्पष्ट नभएको अवस्था छ’, प्रतिवेदनमा भनिएको छ, ‘सार्वजनिक वितरण प्रणालीलाई बढी जोड दिने तथा खाद्य अधिकार र खाद्य सुरक्षालाई ध्यानमा राख्दै सार्वजनिक वितरण, खाद्य सुरक्षा तथा पोषण समेटी नयाँ नीति तय गर्नुपर्ने आवस्यकता छ ।’ वस्तु तथा सेवाको मूल्य निर्धारण गर्न उपयुक्त बजार हस्तक्षेपको संयन्त्र परिचालन गर्दै मूल्य स्थिरता कायम गर्न सकिने सुझाव आयोगको छ ।

त्यसैगरी, आधारभूत वस्तु तथा सेवाको सूचीमा समयानुकुल परिवर्तन गर्ने र न्यूनतम परिमाणको वार्षिक खाद्य सञ्चिति परिमाण तोकी त्यस्ता वस्तुको समर्थन मूल्यमा खरिद गर्न एक खाद्य आपूर्ति कोष स्थापना गर्न पनि सरकारलाई सुझाव दिइएको छ । यस्तो कोष स्थापना गर्न सङ्घ सरकारले प्रदेश सरकारलाई ऋण दिने गरी रकम विनियोजन गर्न सक्नेछ ।

आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिन पनि सुझाव दिइएको छ । त्यसका लागि दुर्गम तथा पिछडिएको क्षेत्रका लागि आवस्यक वस्तु सहुलियत दरमा उपलब्ध गराउन सरकारले ढुवानी अनुदानसमेत उपलब्ध गराउनुपर्नेछ ।

अध्ययन प्रतिवेदनअनुसार राष्ट्रिय खाद्य कार्ययोजनाका आधारमा आवश्यक वस्तु तथा सोको परिमाण पालिकागत आधारमा तय गरिनेछ । सोही आधारमा रणनीतिक सञ्चय क्षेत्र तोकी आवश्यक वस्तुको सञ्चय र वितरण गर्ने व्यवस्था मिलाउनसमेत सुझाव दिइएको छ ।रासस

# तरकारी तथा फलफूल बजारमा आगलागी



**टुडे समाचारदाता**

हेटौंडा । हेटौंडा उपमहानगरपालिका -१० मा रहेको तरकारी तथा फलफूल थोक बजारमा आगलागी भएको छ।

हेटौंडा उपमहानगरपालिका टिसीएनरोडस्थित एक होटलमा विद्युत सर्ट भएर आगो लागेको प्रहरी जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए।

कार्कीका अनुसार एक होटल र तरकारी तथा फलफूल थोक बजारका आधा दर्जन पसल पूर्ण रुपमा जलेर नष्ट भएका छन् । आगलागी बिहीबार दिउँसो साढे १ बजेतिर भएको हो । हेटौंडा उपमहानगरका दुईवटा वारुणयन्त्र, प्रहरी, स्थानीयहरूको सहयोगमा अहिले आगो पूर्णरुपमा नियन्त्रणमा आएको उनले बताए ।

# एकता दौड

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज स्थित भारतको महावाणिज्य दूतावासद्वारा बिहीबार विशेष एकता दौड सम्पन्न गरिएको छ ।

बिहान ७ बजे सुरु भएको दौड वाणिज्य दूतावासबाट पावर हाउस चोकदेखि घण्टाघर र फिर्ता वाणिज्य दूतावाससम्मको मार्गमा आयोजना गरिएको थियो ।

दौडमा व्यवसायी, पत्रकार, राजनीतिज्ञ, सुरक्षाकर्मी, उद्योगी, वाणिज्य दूतावासका सदस्य र परिवारका सदस्य लगायत समाजका विभिन्न वर्गका करिब ४० जनाको सहभागिता रहेको थियो ।

त्यस्तै, एकता दौडको उद्देश्य जनताबीचको अखण्डता र एकतालाई प्रवर्द्धन गर्न र जनता-जनताको सम्बन्धलाई अभिवृद्धि गर्नु थियो । दौडको अन्त्यमा वाणिज्य दूतावास परिसर भित्रै मानिसबीच एकता प्रर्दशित गर्न मानव साङ्लो पनि बनाइएको थियो ।

# प्रजातान्त्रिक योद्धा यादवको निधन

महोत्तरी । नेपाली प्रजातान्त्रिक आन्दोलनका योद्धा जगन्नाथ यादवको ६५



वर्षको उमेरमा निधन भएको छ । महोत्तरीको लोहारपट्टी-१ बगडाका यादवको आज बिहान निधन भएको हो ।

पञ्चायती व्यवस्थाका विरुद्ध मुलुकमा प्रजातन्त्र पुनःस्थापनाका लागि नेपाली कांग्रेसमा आबद्ध भई उहाँ प्राजातान्त्रिक आन्दोलनमा सरिक हुनुभएको थियो । पछिल्ला केही वर्षदेखि मधुमेहको समस्याले ग्रस्त यादवको आफ्नै निवासमा निधन भएको हो ।

उहाँको निधनमा कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादवले आफू विद्यार्थी छँदा यादवकै अभिभावकत्वमा पार्टीमा जोडिएको स्मरण गर्नुभयो ।

सभापति यादवले र नेकपा (एमाले)का जिल्ला अध्यक्ष कालीचन्द्र साहले आज शोक विज्ञप्ति नै प्रशारित गरी स्व यादवप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

# चार वर्षमा पनि बनेन तीन किलोमिटर सडक

भरतपुर । नारायणगढको सहिदचोकबाट बैकुण्ठचोक, धर्मचोक हुँदै कचपचेचोक पुग्ने सडक निर्माण अधुरै छ । ठेकेदार कम्पनीले विभिन्न बाहना बनाउँदै निर्माणमा ढिलाइ गरेका कारण सडक निर्माण हुन सकेको छैन ।

सडक निर्माणका लागि चार वर्षमा तीनपटक म्याद थप गरिएको छ । यो अवधिमा सडक निर्माणको ७५ प्रतिशतमात्र काम भएको छ । सडक निर्माणको बाँकी काम कात्तिक महिनाभित्र सक्ने निर्माण कम्पनी रमण शिवशक्ति जेभीका प्रबन्ध निर्देशक रञ्जन ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, “नाला र सबबेसको काम सकियो अब कालोपत्र हुन्छ । एक-दुई हप्ताको काम हो, कात्तिक महिनाभर सकिन्छ ।”

ठाकुरका अनुसार अब चार सय ८० मिटर सडक बनाउन बाँकी छ । तीन किलोमिटर सडक निर्माणका लागि २०७५ सालमा निर्माण सम्झौता भएको थियो । सघन सहरी तथा भवन निर्माण आयोजना चितवनले रमण



शिवशक्ति जेभीसँग सम्झौता गरेको थियो । सम्झौताअनुसार २०७७ असार मसान्तसम्म निर्माण सक्नुपर्ने थियो ।

दश मिटर चौडाइको सडक निमार्णका लागि दुवैतर्फ छ देखि सात फिट गहिरो ढल खनिएको छ । सघन सहरी विकास कार्यक्रमअन्तर्गत कालोपत्र सडक तथा ढल निर्माण प्याकेज नं २ अन्तर्गतको सात योजनामध्ये यो एउटा हो । यसका लागि रु ६८ करोड २३ लाखमा सम्झौता भएको थियो । सहिदचोकबाट बैकुण्ठचोक, धर्मचोक र कचपचेचोकसम्मको बाटोको ठेक्का रकम भने रु ७१ करोड ३८ लाख रहेको सहरी विकास कार्यालयका इञ्जीनियर पुजन न्यौपानेले बताउनुभयो । कार्यालयले अब रु २१ करोड भुक्तानी गर्न बाँकी छ ।रासस

# चारसयद्वारा पार्टी परित्याग

**टुडे समाचारदाता**

कलैया । बारा क्षेत्र नं.४ मा नेकपा एमाले दिन प्रतिदिन कमजोर बन्दै गइरहेको छ ।

बाराको परवानीपुरमा दीपावली तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदान प्रदान एंव पार्टी प्रवेश कार्यक्रममा संविधानसभा सदस्य तथा नेकपा एमालेका मधेश प्रदेश कमिटी सदस्य जयप्रकाश यादवसहित ४ सय जनाले पार्टी परित्याग गरी नेकपा (एकीकृत समाजवादीमा) मा प्रवेश गरेका छन् ।

बारा क्षेत्र नं.४ मा घर भएका ४ सय जना नेता तथा कार्यकर्ताहरु नेकपा एमाले र जसपा पार्टी परित्याग गरी

***बाराको परवानीपुरमा दीपावली तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदान प्रदान एंव पार्टी प्रवेश कार्यक्रममा संविधानसभा सदस्य तथा नेकपा एमालेका मधेश प्रदेश कमिटी सदस्य जयप्रकाश यादवसहित ४ सय जनाले पार्टी परित्याग गरी नेकपा (एकीकृत समाजवादीमा) मा प्रवेश गरेका छन् ।***

पूर्व प्रधानमन्त्री तथा एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष माधव कुमार नेपालको हातबाट टीका लगाई पार्टी प्रवेश गरेका हुन् । पार्टी प्रवेश कार्यक्रममा यादवको नेतृत्वमा पूर्व जिल्ला विकास समिति अध्यक्ष रामविलास चौरासिया, जिल्ला कमिटी सदस्यहरु कृष्ण यादव, हसमुदिन अन्सारी, मुकेश महतो, सुरेश महतो,किशुन यादव, नेकमहमद् अन्सारी नागेन्द्र यादव, महमद् रफिद,राम प्रवेश,राजेश्वर यादव लगायत एमाले पार्टी परित्याग गरेर नेकपा एकीकृत समाजवादी पार्टी प्रवेश गरेको नेकपा समाजवादीका मधेश प्रदेश कमिटी सदस्य वीरेन्द्रप्रसाद साहले जानकारी दिए ।

केही दिन अगाडि मात्र नेकपा एमालेका मधेश प्रदेश कमिटी सदस्य र जीतपुरसिमरा नगर कमिटीका उपाध्यक्ष सहित ९७ जनाले नेकपा एमालेबाट राजीनामा दिएका थिए ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | शिक्षामा उन्नति । |
| बृष | सुख समृद्धि हुने । |
| मिथून | बौद्धिक क्षमता । |
| कर्कट | भ्रमण अवसर हुने । |
| सिंह | नयाँ कार्य हुने । |
| कन्या | प्रेम प्रसंग, मित्र सुख । |
| तुला | वाद विवादबाट बच्नु । |
| बृश्चिक | अवसर प्राप्त । |
| धनु | पारिवाहिक सुख । |
| मकर | धन बृद्धि सञ्चय । |
| कुम्भ | पुरस्कार प्राप्त लाभ । |
| मीन | प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने सयम | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# खुला चौरमा पढ्न बाध्य

**टुडे समाचारदाता**


महोत्तरी । महोत्तरीको एक विद्यालयमा विद्यार्थीको पठनपाठनका लागि बनाइएको डेस्कबेञ्च कक्षाकोठामा र विद्यार्थी खुला चौरमा पढ्दै गरेको पाइएको छ ।

जलेश्वर नगरपालिका-५ मा रहेको माध्यमिक विद्यालय पर्सापतैलीमा विगत पाँच महिनादेखि स-साना बालबालिका कक्षाकोठा र डेस्कबेञ्च हुँदाहुँदै पनि खुला चौरमा पढ्न बाध्य भएका छन् ।

प्रदेश सरकारले उक्त विद्यालयमा गत आर्थिक वर्ष २०७८/७९ मा भौतिक निर्माणका लागि रु ५० लाख पठाएको थियो । जनप्रतिनिधिहरू जिम्मेवार नहुँदा स-साना बालबालिका चर्को घाम, वर्षा र धुलोधुवाँको सामना गर्दै खुला चौरमा पढ्न बाध्य भएका छन् ।

उक्त बजेटबाट विद्यालयमा रहेको सरस्वती मन्दिरको पर्खाल, विद्यालयको मुख्यद्वारबाट मन्दिरसम्म पुग्ने एक-दुई फिट चौडाइ भएको ढलान बाटो र करिब एक सय ५० वटा गुणस्तरहीन प्लाइ लगाएर डेस्क-बेञ्च निर्माण गरिएको छ ।

गत असारदेखि कात्तिक महिना लाग्ने बेलासम्म जिल्लामा पानी परेकाले विद्यालयमा निर्माण गरिएको डेस्कबेञ्च कक्षाकोठामै राखी बाहिरबाट ताल्चा लगाइएको छ । कक्षा कोठा छ, कमसलै भए पनि डेस्कबेञ्च पनि छन् तर विद्यार्थी भित्र छिर्न पाएका छैनन् ।



स-साना बालबालिकालाई खुला चौरमा र चर्को घाममा पढाउँदै गरेकी शिक्षिका कल्याणी चौधरीले विगत चार-पाँच महिनादेखि बालबालिकालाई यस्तै पढाउँदै आएको जानकारी दिए । उनले बालबालिका खुला ठाउँमा पढ्नुपर्दा पटक-पटक बिरामी हुने, नियमित नआउने र बर्खामा पानी परेको दिन पठनपाठन ठप्प हुने बताएका छन् ।

यस विषयमा प्रधानाध्यापक रंजय रायले आफूहरूलाई कति बजेट आयो, कति खर्च भयो भन्नेबारेमा केही थाहा नभएको बताए । साथै उनले प्लाइको डेस्कबेञ्च बर्खाको पानीमा बिग्रिने डरले जनप्रतिनिधिले नै चारवटा कक्षाकोठमा ती डेस्कबेञ्च राखेर ताल्चा लगाइदिएका कारण बालबालिका खुला आकाशमुनि पढ्न बाध्य भएको छ। उनले नगर शिक्षा ऐनका कारण विद्यालयसँग कुनै अधिकार नरहेको र जनप्रतिनिधिले आफूखुसी गर्न थालेका कारण दिनानुदिन पठनपाठन तथा विद्यालयको वातावरणमा नकारात्मक प्रभाव परिरहेको बताए ।

नगर शिक्षा संयोजक जयकुमार साहले सो विद्यालयमा कक्षाकोठा हुँदाहुँदै बालबालिका खुला चौरमा पढिरहेको तथा चारवटा कक्षाकोठामा डेस्कबेञ्च राखिएकोबारे आफूलाई थाहा नभएको बताए । उनले यस नगर शिक्षा शाखामा तीन जनाको न्यूनतम दरबन्दीमा आफू एक्लै भएका कारण विद्यालयको अनुगमन निरीक्षणसमेत गर्न नसकिएका कारण विद्यालयमा भएको समस्याबारे आफूलाई थाहा हुन नसकेको बताए । उनले मावि पर्सापतैलीमा रहेको समस्याको तत्काले अनुगमन निरीक्षण गरेर समाधानतिर लाग्ने प्रतिबद्धता प्रकट गरे ।

त्यसैगरी, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रवीण झाले उक्त विद्यालयमा भएको कामको आफूहरूलाई केवल रु ३८ लाखको मूल्याङ्कन गरी सोही बराबरको रकम भुक्तानी गरेको बताएका छन् । उनले पनि सो विद्यालयमा त्यसरी विद्यार्थीलाई खुला चौरमा र कक्षाकोठमा डेस्कबेञ्च राखिएकोबारे तत्काल पहल गरेर विद्यार्थीको समस्या समाधान गर्ने वचन दिए ।

नगरप्रमुख सुरेश साह सोनारले आफूकहाँ त्यस विद्यालयको गुनासो आइसकेको र गुनासोप्रति अति संवेदनशील भएको बताउँदै तत्काले स-साना बालबालिकालाई खुला चौरमा पठनपाठन गर्न बाध्य बनाएका सम्पूर्ण पक्षलाई बोलाएर आवश्यक अनुसन्धान तथा कारबाही गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

# डोम समुदायलाई कामको व्यस्तता



**टुडे समाचारदाता**

जलेश्वर । तराईबासीका महानपर्व छठ नजिकिँदै जाँदा बाँस र बेंतका चोयाबाट डालो, नाङ्लो र टालु टपरी बनाउने डोम समुदायलाई अहिले भ्याइनभ्याई भएको छ ।

सुङ्गुर डोस्याएर वर्षैभरि गाउँ-गाउँ चहार्ने तथा गाँस, बास र कपासकै जोरजाममा पिढीदर पिढीलाई हम्मेहम्मे पर्ने गरेको महोत्तरीका डोमहरूले छठपर्व आउनासाथ कात्तिक महिनाभरि आफ्ना जीवनका हरेक दुःख बिर्सेर मिठो मसिनो खाने र राम्रो लगाउने शौभाग्य प्राप्त भएको महोत्तरी जिल्लाका औरही नगरपालिका-६ की ६० वर्षीया तेतरीदेवी डोमिनले बताउँछिन्।

जिल्लाको विभिन्न गाउँ, शहरमा हुने भोजभत्तेरबाट जुठोसमेत ल्याएर स-परिवार खाने गरेको डोमले कात्तिकमा नाना थरिका परिकार पकाएर खाने गरेको सोही ठाउँ बस्ने ५५ वर्षीया देवकीदेवी डोमिनले बताइन । डालो बुन्दै गरेकी जिल्लाको भङ्गहा नगरपालिकाकी ६५ वर्षीया दानादेवी डोमिनले गहभरि आँशु लिएर भनिन्, "मालिक ! कात्तिक लाग्ने बितिक्कै घरका बच्चादेखि बुढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालु टपरी बनाउनमा तल्लीन हुन्छौँ भने बजारमा बेच्दा मनग्य आम्दानी हुने भएकाले हामी निक्कै खुशी हुन्छौँ ।" तर वर्षभरि काम नचल्नाले फेरि केही दिनपछि दुःख थपिन्छ ।

छठ मनाउने प्रत्येक तराई बासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ्य दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुडा किन्नुपर्दछ ।

छठ पर्वको आगमनसँगै डोमका घरका आँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको विश्वासपूर्ण कुरा बताउँदै गौशाला नगरपालिकाका ५५ वर्षीय शिवजी डोमले आफू सोही कारण दिनरात ब्रतालुको निम्ति बाँसका भाडा बनाउने गरेको सुनाए ।

त्यस्तै, जलेश्वरका ईन्दल डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिकमा वर्षभरिकै सबै कर्जा चुक्ता गरेर आउने छौँ महिनाको खर्चबर्चको जोहो गर्न जति कमाई हुने गरेको बताए ।

जिल्लाको एकडारा गाउँपालिकाका महिन्दर डोमले घरका बालकदेखि बुढासम्मले डालो नाङ्लो बेचेर प्रतिव्यक्ति २० देखि ३० हजार र प्रत्येक परिवारले दुई/तीन लाखसम्म आम्दानी गर्ने गरेको छ ।

अहिले जिल्लाको गाउँगाउँमा डोम जातीका प्रत्येक घरमा बाँस र बेंतको थुप्रो राखिएको छ भने परिवारका सबैले बाँस र बेंतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन् । दिनदिनै छठ पर्व मनाउने व्यक्तिको सङ्ख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुडा पुऱ्याउन डोम जातिलाई सकस भएको छ भने डोम परिवारलाई ती सामग्री बनाउन अहिलेदेखि भ्याइनभ्याई छ ।

# झाद्वारा उम्मेदवारी फिर्ताको घोषणा

**राकेश यादव**

रौतहट । निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभाका सदस्यमा स्वतन्त्र उम्मेदवारी दिएका रेवन्त झाले उम्मेदवारी फिर्ताको घोषणा गर्दै नेकपा एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेका छन ।

जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्यसमेत रहेका झाले विहीवार आफ्नो निजी निवासमा जसपा पार्टी परित्याग गरी नेकपा एसमा प्रवेश गरेका छन ।

नेकपा एसका अध्यक्ष एवं रौतहट निर्वाचन क्षेत्र १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार माधव कुमार नेपालले झालाई



माला लगाएर पार्टी प्रवेश गराएका छन ।

मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा जसपाका योगेन्द्र यादव र निवर्तमान प्रदेश सांसद बाबुलाल साहले निर्वाचनमा सहयोग गर्ने प्रतिबद्धता जनाएकोले आफू स्वतन्त्र रुपमा मनोयन पत्र दर्ता गराएको झाले प्रष्ट गरे ।

नेता झाले जसपाका योगेन्द्र यादव र बाबुलाल साहले अहिलेसंगै प्रचार प्रसारसमेत नगरेको र गर्न चाहनेलाई समेत प्रतिबन्ध लगाउने जस्ता कार्य गरेकोले आफ्नो उम्मीदवारी फिर्ता लिएको बताए ।

उम्मीदवारी फिर्ता लिएका झाले प्रतिनिधि सभाको उम्मेदवार नेपाललाई जिताउने अभियानमा सक्रिय योगदान दिने विश्वाससमेत व्यक्त गरे ।

मधेश आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका झा पुनः पुरानो घर फर्केका छन । तत्कालीन नेकपा एमालेमा माधव नेपालका दाहिना हाथ भनेर चिनिएका झा फेरि नेता नेपालसित जोडिएका छन ।

# बदलिँदै तिहारको मौलिकता

रामपुर । खैजडी, मादल, मजुरा, गितार, बाँसुरीका तालमा भट्याउँदै देउसी र भैलो खेल्ने परम्परा हिजोआज कतै देखिँदैन । कोहीले भट्याउने कोहीले गाउने, स्थानीयस्तरमा प्रचलित विभिन्न वाद्यवादनको तालमा छम्केर नाच्दा तिहारको रौनकता नै बेग्लै हुन्थ्यो । यसरी समूहमा साथीसँग स्थानीय लोकलयमा गीत गाएर देउसी र भैलो खेल्दा आन्दानुभूति हुने गरेको अनुभव सुनाउनुहुन्छ, कलाकार हरि पोखरेल ।

आधुनिकीकरणका नाममा मौलिक संस्कृति नै धरापमा पर्न गएको छ, पहिलेका देउसी र भैलो रचनात्मक खालका हुन्थे', उहाँले भन्नुभयो, "अहिले ती सिर्जनात्मक शैलीका देउसी र भैलो देख्नै पाइँदैन, युट्युब, मेमोरीकार्डबाट गीत बजाएर देउसी र भैलो खेल्दा पहिलेजसो त्यति रमाइलोपन छैन ।' पहिला तिहारमा देउसी र भैलो खेलेर सङ्कलित रकमले मठ, मन्दिर, चौतारी, खानेपानी पँधेरा, कुवा निर्माण जस्ता सामाजिक काममा लगाइन्थ्यो भने अहिले रङ रमाइलो र वनभोजलाई मात्रै केन्द्रित जस्तो गरेर भैलो उठाउने खेलो भएको कलाकार पोखरेल बताउनुहुन्छ ।

**भैलेनी आयौँ आँगन बडाली कुँडाली राखन,**
**आहैं औँशीको बार गाईतिहार भैलीराम ।**
**हरियो गोबरले लिपेको लक्ष्मी पूजा पुजेको,**
**आहैं औँशीको बार गाईतिहार भैलो ॥**
**हामी त्यसै आएनौँ बलिराजाले बोलाएका,**
**आहैं औँशिको बार गाईतिहार भैलीराम ।**

यसरी गीत गाएर गाउँभरि देउसी र भैलो खेल्ने समूहले तिहारमा उत्साह छाउँथ्यो । कसैले गीत झिक्ने, केहीले भट्याउने, कोही नाच्ने गर्दा देउसी र भैलो हेर्नेको गाउँमा भीड नै हुने गरेको ६१ वर्षीय रामपुर भजनकृतन मण्डलीका अध्यक्ष टीकाराम ढकाल बताउनुहुन्छ ।

पहिलेको देउसी र भैलो तथा अहिलेको देउसी र भैलोमा धेरै फरक छ, हिजोआज त ठूला ठूला साउण्ड सिस्टम बोक्छन्, इन्टरनेटमा खोजेर गीत बजायो अनि नाच्यो, यस्तो संस्कृतिले मौलिकता नै हराउन पुगेको छ, यसरी क्षणिक रमाइलोका लागि मात्रै खेलिन्छ, संस्कृतिको वास्तविक मार्मिकता नै छैन', उहाँले भन्नुभयो ।

मौलिकपना नपाउँदा चाडबाड मनाउने हाम्रा परम्परागत संस्कृति नै बद्लिँदै गएको उहाँ अनुभूति गर्नुहुन्छ । अबका पुस्तामा पुरानो देउसी र भैलोको कुरा एकादेशको कथा जस्तो हुने भएकाले यसलाई जोगाउन घरमूलीले नयाँ सन्ततिलाई बुझाउन र सिकाउनु जरुरी रहेको ढकालको भनाइ छ ।

जुनी काट्छौँ नि भन्थ्यौँ मसित, मनको साइनो जोडिछौँ को सित ॥ ओ...डाँडाघरे साहिँली मैले हत्ते गरेर के गर्ने, नशानशा रगतमा छौँ तिमी पिरतीको अर्को नाउँ हौँ तिमी ।

यस्ता गीतले देउसी र भैलोको मर्म र संस्कृति बोल्दैनन् । अहिलेका देउसी र भैलोमा यिनै गीतमा सहर बजारमा युट्युबाट गीत बजाएर नाचिने गरिएको छ । पश्चिमी संस्कृतिको देखासिकी र प्रभावले पुराना परम्परा हराउँदै गएको छ भने देउसी र भैलोमा मौलिकपन नहुँदा खल्लो लाग्न थालेको पाकापुस्ताको बुझाइ छ ।

बलिराजाका पालादेखि नै समूह बनाएर देउसी र भैलो खेल्ने चलन अझ पनि कायमै छ । तर पहिलेको तुलनामा भने हिजोआज देउसी र भैलो खेल्न निस्कने समूह कमै मात्रामा भेटिन्छन् । उज्यालैउज्यालोको पर्वका रुपमा लिइने तिहार दाजुभाइ र दिदीबहिनी बीचको मायाप्रेम प्रगाढ बनाउने पर्व हो ।

अहिलेको देउसी र भैलोमा विभिन्न ठाउँमा हिन्दी र अङ्ग्रेजी गीत, पप, चलचित्र, आधुनिक गीतले स्थान ओगट्न थालेको छ । मौलिक संस्कृतिको जगेर्नाका लागि युवापुस्ताले नै ध्यान दिनुपर्ने देखिन्छ । केहीले देउसी र भैलो संस्कृतिलाई रमाइलोका रुपमा लिन्छन् त केहीले परम्परा जोगाउनका लागि । जे भए पनि देउसी र भैलो खेल्ने निहुँमा हिन्दी र अङ्ग्रेजी गीतको स्थान दिन नहुने पनि धेरैको टिप्पणी छ ।

**लोप भयो मखमली फूल**

'मखमली फूल्दा मार्सीधान झुल्दा बहिनी आउनेछिन्, दैलाको तस्वीर छातीमा टाँसी आँशु बगाउनेछिन्' प्रसिद्ध गायक नारायण रायमाझीले गाएको यो गीत सुन्दा अहिले पनि समय सान्दर्भिक छ ।पुराना पुस्ताले अहिले पनि भाइटीकामा मखमली फूल नै खोज्ने गर्दछन् । 'दाई मेरो कहाँ गयो मखमली फूल ओइलायो' गायक रायमाझीकै गीतका यी शब्द सुन्दा परदेशमा रहेका दाजुलाई सम्झेर बहिनीले मखमली फूल ओइलायो तर दाजु भाइटीकामा नआएको पीडा झस्काइदिएको छ ।




दाजुभाइ र दिदिबहिनीबीचको सम्बन्ध प्रगाढ बनाउने भाइटीकामा दाजुभाइका लागि दिदीबहिनीले दिर्घायुको कामना गर्दै कहिल्यै नओइलाउने मखमली फूलको माला लगाइदिने चलन रहे पनि फूलको अभाव हुँदा सयपत्री र बजारका कृत्रिम माला प्रचलनमा आएको बताउनुहुन्छ', स्थानीय पार्वती न्यौपाने ।

उहाँ भन्नुहुन्छ, "कहिल्यै नओइलिने मखमली फूलले तिहारमा धेरै महत्व बोकेको छ, यो फूल कहिले न ओइलिने भएकाले यसलाई दिर्घायु र स्वस्थ जीवनको प्रतीकका रुपमा लिइन्छ तर गाउँमा हिजोआज यो कतै देख्न पनि पाइँदैन ।'

दिदीबहिनी र दाजुभाइको प्रेमलाई पवित्र गाँठोमा बाँध्न सफल मखमलीको माला नेपालीलाई तिहारको अभिन्न अङ्ग बनिसकेको छ। फूल जोगाउनतिर कसैको ध्यान छैन, बजारमा गएर प्लाष्टिकका माला किनेर ल्याउने बढेका छन् । तिहारमा कुन फूलको माला लगाउने हो अबका पुस्ताले महत्व चिन्नै छाडेका छन् ।

मखमली फूल हराउँदै जाँदा यसको संरक्षणमा ध्यान भने कसैको गएको पाइँदैन । अहिले सस्ता र कृत्रिम फूलका मालाले बजारका पसल भरिएका छन् । सुपारी जस्तो गोलाकार मखमली फूल पनि सयपत्री झैँ सयौँ फूलको पुष्पपुञ्ज हो । नामले मखमली भनिए तापनि यो फूल नरम, कोमल र कलिलो नभई खस्रो हुन्छ । वैजनी र प्याजी रङमा मखमली विशेष लोकप्रिय छ ।

नझर्ने, नओइलाउने र वर्षौं पनि टिक्ने हुनाले यसको अजम्बरी प्रकृतिलाई आत्मसात् गरेर दिदीबहिनीले आफ्ना दाजुभाइलाई मखमली फूलको माला लगाइदिएर दीर्घायुको कामना गर्छन् । संस्कृतमा रक्त मल्लिका भनिने यो फूल देख्नमा पनि सुन्दर मानिन्छ । मखमली फूल नोपालीको लागि सांस्कृतिक महत्व बोकेको प्रसिद्ध फूल हो । सेता, गाढा कलेजी तथा हल्का रातो रङमा फूल्ने मखमली फूल भाइटीकामा विशेष प्रयोगमा आउँछ ।

छुँदा घोच्ने, मखमलको कपडाजस्तो सेता, गाढा कलेजी, हल्का रातो रंगमा फूल्ने गर्दछ । यस फूललाई नरम मखमली नाम दिइन्छ । अर्कोतर्फ मखमली फूल सँगै गाउँघरमा फुल्ने सयपत्री र गुरधौली फूल पनि देखिन छोडेको छ । प्लाष्टिकको माला प्रयोग बढेपछि सयपत्री, मखमली र गुरधौली फूल लोपोन्मुख अवस्थामा पुग्न थालेको छ । पहिलाको तुलनामा सयपत्री फूल पनि कम पाइन्छ ।

**माटाका भाँडा प्रयोग गर्ने घट्दै**

सहरबजारदेखि गाउँघरमा झिलीमिली बत्तीको प्रयोग बढ्दो छ । कृत्रिम वस्तु ल्याएर घर सजावट गर्ने र झिमीमिली बनाउने संस्कृति हिजोआज देखासिकी जस्तै बनेको छ । बजारमा तयारी अवस्थामा आएका विभिन्न झिलीमिली बत्तिले घर उज्यालो बनाउने होडबाजी नै देखिन्छ।

पहिला माटोबाट तयार पारिएका पालामा घरआँगनका डिल, चौकोस, दलानमा लहरै बत्ती बालिन्थ्यो । यसले तिहारमा छुट्टै रौनकता ल्याउँथ्यो । तर हिजोआज भने तिहारका समयमा माटोका पाला गाउँघरमा देख्नै पाइँदैन ।

हाम्रा पालामा माटोबाट बनेका पालामा घरको मूल ढोका, चौकस, मझेरी, आँगन, तुलसीको मठ, बार्दलीमा लहरै बत्ति बाल्ने चलन थियो तर हिजोआज बजारमा आएका अनेकथरीका बत्ती ल्याएर गाउँभरि बाल्न थालेको रामपुर-६ कौवा बस्ने हुमा देवकोटा बताउनुहुन्छ । "हिजोआज त माटोका भाँडामा गाउँमा कसैले बत्ती बाल्दैनन्, चाडपर्व मनाउने नाममा चलनचल्तीमा आएका पुराना सामग्रीलाई निरन्तरता दिनुपर्ने हो, सबै कृत्रिम वस्तुको प्रयोगमा सौखिन हुन थाले, मेरै नातिनातिनालाई यी कुरा नौलो लाग्न थालिसक्यो', उहाँले भन्नुभयो ।

गाउँमा पहिला घरघरमा माटोको भाँडा बनाउने गरेपनि अहिले सबैले छाड्दै जाँदा उत्पादन कम भएपछि बजारका बत्तीमा स्थानीय आकर्षित हुन थालेको छन', व्यवसायी सोमबहादुर कुमाल बताउनुहुन्छ । रामपुर नगरपालिका-६ तिलकपुर क्षेत्रमा कुमाल समुदायको बाक्लो बस्ती रहे पनि सोमबहादुरले मात्रै एक्लै माटोका भाँडा बनाउने पेशा धान्दै आउनुभएको छ ।

गाउँका सबैका घरघरमा माटोका भाँडा बन्ने गर्थ्यो, अहिले सबैले पेशा छाडे, माटोबाट बनेका पाला खोज्न अझै पनि ग्राहकहरु घरमा आउने गरे पनि उत्पादन कम हुँदा मागअनुसार पुऱ्याउन सकिएको छैन', कुमालले भन्नुभयो ।

विशेषगरी तिहारमा घरमा माटोबाट तयार पारिएका पालामा बत्ती बाल्ने पुरानो चलन छ । अझसम्म पनि केही पाका स्थानीयले पुरानो चलनलाई निरन्तरता दिँदै माटोका पाला नै खोज्ने गर्छन् । तर माटोको अभावमा धेरैले व्यवसाय छाड्दै जादा भने हिजोआज व्यवसाय धान्न समस्या परेको छ । तिलकपुर क्षेत्रमा मात्रै करिब दुई सय ५० घरपरिवार कुमाल समुदायको छ ।

जिल्लाको घोरबन्दा, पोखराथोक, रामपुर, गेझा, चिर्तुङ्गधारा, ख्याहालगायतका स्थानमा बसोबास गर्दै आएका कुमाल जातिले माटोका भाँडा बेचेर आफ्नो जीवन निर्वाह गदै आए पनि अहिले यो पेशा लोप हुँदै गएको छ । वर्षौंदेखि गर्दै आएको पेशा सङ्कटमा पर्न थालेपछि कतिपय कुमालले पल्लेदारी र मजदुरी गरी दैनिक गुजारा गर्न बाध्य भएका छन् ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# निष्ठालाई कायम राख

कुनै बेला नेपालको तराईको अत्यन्त निष्ठाको ठूलो पर्व मानिने छठ अहिले देशभरि फैलिसकेको छ। तराई मधेशका बासिन्दाको घर अथवा डेरा रहेको पहाडी भेगमा पनि छठ पर्व मनाउन थालिएको छ। छठ पर्वमा सौहाद्रता बढेको छ। पहाडी जिल्लाहरुमा तराई र पहाडका बासिन्दाहरुले मिलेर नै छठ मनाउन थालेका छन्। छठ पर्वमा मुसलमानको पनि सहभागिता देखिने गरिएकोछ। छठ पर्वमा सूर्य भगवानको पुजा गरिन्छ। भगवान सूर्यको पूजन अत्यन्त निष्ठापूर्वक गरिन्छ। छठ पर्वको प्रशस्त विशेषताहरु मध्ये प्रमुख विशेषता निष्ठा पनि हो। एक प्रकारले छठ पर्व गोर्बद्धन पुजादेखि नै प्रारम्भ हुन्छ। भाई टिका पनि सोही दिन पर्छ। तर छठको साइत गोर्बद्धन पूजाबाट जोडिन्छ। खेतबारीमा उब्जेका नयाँ अन्न, तरकारी लगायतका सामग्रीहरु नै छठ पर्वको मुख्य प्रसाद हुन्। किसानहरुले पहिलो अन्न लगायतका बाली भगवान सूर्यलाई अर्घको रुपमा अर्पण गर्छन्। सूर्य पूजनको अनेक महत्व छ। छठ पर्वप्रति देखिने निष्ठा अत्यन्त महत्वपूर्ण छ। गोर्बद्धन पूजा सम्पन्न भएसँगै 'नहाईखाई' नुहाएर चोखो खाने गरिन्छ। व्रतालुहरुले पवित्र स्नानगरी चोखो खाएर छठ पर्वको अन्तिम तयारी गर्छन्। त्यसपछि खरना हुन्छ। दिनभरि व्रतीहरुले उपवासगरी साँझ भगवानको नाममा गुडको खिर नैवेद्य दिएर व्रत पूरा गर्छन्। व्रतालुहरुले त्यो प्रसादग्रहणगरी छठको उपवास प्रारम्भ गर्छन्। ३६ घण्टाको निरन्तर उपवासपछि सूर्य भगवानलाई प्रभातकालीन अर्घ दिने गरिन्छ। त्यो अर्घपछि व्रत पूरा हुन्छ। यी सम्पूर्ण प्रक्रिया निष्ठापूर्वक सम्पन्न गरिन्छ। छठ पर्वको प्रक्रिया प्रारम्भ भएदेखि समापन सम्म सबैकाम निष्ठापूर्वक गरिन्छ। विगतमा तराई मधेशको छठ हेर्न देशभरि र भारतको सीमावर्ती क्षेत्रका बासिन्दाहरु आउने गर्थे। खासगरी जनकपुरधामको गंगासागरको छठ पर्वमा व्रतालुहरुको भारी भीड हुने गर्दथ्यो। तर अहिले अवस्था फेरिएको छ। छठको सन्ध्या अर्घ सम्पन्न नहुँदै होटेलहरुमा मद्यमांसको बिक्री सर्वाधिक बढने गर्छन्। जनकपुरधामका होटेलहरुमा मद्यमांसको बिक्री वर्षभरिकै उच्च रहने गरेको छ। रातभरि नै घाटमा पूजा सामग्री राख्ने भएकाले श्रद्धालुहरु जग्राम बस्ने गर्छन्। तर मद्यमांसमा लठ्ठ भएकाहरुले छठ पर्वको निष्ठालाई धुमिल बनाउछन्। स्थानीय प्रशासनले दुई दिन नै मद्यमांसको बिक्री तथा सेवन निषेध गर्छन्। तर त्यो कार्यान्वयन हुँदैन्। सर्वाधिक भीड हुने तलाउहरु नजिकैका होटेलहरुमा मद्यमांसको बेचबिखन पनि सर्वाधिक हुने गर्छ। स्थानीय प्रशासनले मद्यमांसको बिक्री र सेवन दुबैलाई दुई दिन सम्म पूर्ण नियन्त्रण गर्न आवश्यक छ। हुनत निष्ठापूर्वक मनाइने छठमा सहभागी हुने श्रद्धालुहरुले स्वयंम पनि त्यस्ता कार्य गर्नु हुँदैन्। छठ पर्वप्रतिको निष्ठालाई निरन्तर कायम राख्नु पर्छ।

'बीआरआईको वास्तविक्ता'

# विकासको बहाना र गुप्तचरीको आडमा चीनीया वर्चस्वको प्रभाव



अनिल तिवारी

चीनको विश्वव्यापी उपस्थित, गएको केहि दशकमा नाटकीय उछाल ल्याउनु साथै उसका इंटेलिजेंस एजेन्सिहरु विश्वको आंखाबाट ओभ्केलमा रहन राम्रो सफलता पाएका छन। युद्ध संचालनको आयामबाट हेर्ने हो भन्ने चाइनिज खुफीया अभियानहरुका जानकारीको कमी बर्तमान विश्व समुदाय माभ्क ठुलो चुनौती खडा गरेको छ। यसप्रकार चाइनीज़ इंटेलिजेंस सर्विसेज (सीआईएस) अहिलेसम्म पुरै विश्वलाई चक्कमा दिनमा सफल रहेनु साथै सर्वोच्च गोपनीयताका आख्यानलाई प्रचार प्रसार गर्दै आएको हो।

पारम्पंरिक दृष्टिकोणले सीआईएस विश्वको गुप्तचरी संस्थाहरु भन्दा फरक र पेचिलो संस्था मानिन्छ। किन भन्ने, यसको रणनीति बालुवाको हजारौ कण जस्तै सुक्ष्मजालमा आधारित छ। यहि सिद्धान्त अन्तर्गत सीआईएस आफ्नो प्रोफेनल गुप्चरीहरुको आधारमा परम्परागतखर्चिलो जासूसी अपरेश भन्दा पनि, बाहिरीयाएजेन्ट र उच्च प्राविधिको माध्यमबाटकाम खर्चमा डाटा सकंलन गर्ने बाटो आगाल्दै आएको छ।

जसमा चाइनिज कारोबारी, बिशेसिएका नागरिक, शिक्षाविद, मोबाइल एप्सलगायत अरु पनि कतिपय श्रोतद्वारा 'बृहद इनफर्मेटिभ' सूचनासंकल गर्ने कार्यहरु गरेको छ। विभिन्न माध्यमबाट आएका खबरलाई एक साथ मिलाएर (कम्पाइल्ड गरी) 'इंटेलिजेंस अपरेशन' निर्माण गरिन्छ। यस्ता संकलित सुचनाहरु चिनिया धारणाको आलोचना गर्नेर रणनैतिक बिरोधी तथा प्रतिस्पर्धी मुलुकहरुको काउन्टर र बिरोधाभास पुर्ण प्रोपगान्डामा खास गरेर प्रयोग गरिन्छ। जस्तै सिजिपिगंको अतिमहत्वकाक्षी योजनाको रुपमा रहेको बिआरआईको पक्ष र यसका बिरोधमा उठने अवाजहरुलाई दबाउन विभिन्न किसिमका दुस्प्रचार चलाउने सिआईएसको एउटा महत्वपुण रणनीती रहेको छ। सीआईएस 'मल्टीपल प्रोफेशनल सिस्टम' ढांचाको रूपमा पनि हेर्ने गरेको छ।जुन आंतरिक र बाह्य दुबै तरिकाबाट आईएसआर अथवा इंटेलिजेंस, रिकानसेंस र सर्विलांस (खुफीया, टोही र निगरानी) संचालनको सबै कामहरु गर्दछ।सिआइएसले संकल गरेको सबै सूचना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चीनले लिने सैन्य र कुटनैतिक बिषयमा निर्णयका कुरामा मुख्यत आधारित रहेको हुन्छ। विभिन्न बाहरी विश्लेषणको बावजुद, सीआईएस निश्चित रूपमा बढाउदै आएको आफ्नो व्यावसायिक जासुसिभूमिका र परम्परागत जासूसी चहलखेलका साथै पुरानो इंटेलिजेंस सेवाहरुलाई समेत अपनाउदै आएको हो। चीनको एकाधिकारवादी शासन सबै क्षेत्रमा सरकारी प्रभावको समर्थनमा आफना अजब-गजबका सिस्टमका साथ गुप्तचरी सेवा प्रदान गर्दै आएको सत्यतथ्य पनि हो।

**सीआईएसको गतिविधिहरुः-**

यसको गतिविधि 'संचालनको महत्व केंद्रित दायरा' मा काम गर्ने सबै संस्थाहरुको कार्यशैलीबाट बुझिन सकिन्छ , जसको केन्द्रमा यीनीहरुका विभिन्न व्यावसायिक प्रणालीहरु र कार्यक्षेत्रमा यसको अन्य संभावित प्रभाव र चहना नै हुन्छ। यही अवधारणा सीआईएसको छद्मभेदी कामकाजलाई झलकाउने गरेको छ। जुन काउंटर-इंटेलिजेंसमा कतिपय व्यावसायिक सिस्टमहरुलाई प्राथमिकता दिएको चलनछ। जबकि एकाधिकारवादी देशको गतिविधिहरु संभावित असरको नीतिगत काउन्टमा पनि समावेस गरिएको हुन्छ।

**छिमेकमा बढाइएको चीनया लगानी**

विश्व वैंकको डाटा अनुसार, चिन आफ्नो देशको वार्षिक कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशतभन्दा धेरै रकम चिनियाँ ऋण लिएका देशको संख्या ४० भन्दा धेरै छ। यसमा पनि नेपाल जस्ता अधिकांश गरिब छिमेकि मुलुकहरु तथ्याङ्कमा नदेखिने ऋणको चपेटामा परेको विश्व बैंकको अनुमान छ। किनभने विश्व बैंकको लगानी क्षेत्रमा चीनले अमेरिकी प्रभुत्व कम गर्ने रणनीति सहित चाइना डेभेलपमेन्ट बैंक, एक्सपोर्ट-इम्पोर्ट बैक, सिल्क रोड फन्ड, एसियन इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट ब्यांक मार्फत असीमित लगानी गरिरहेको छ। जुल मुख्य उदेश्य उक्त देशहरुमा आफ्नो प्रभुत्व कायम गर्नु नै हो। चाइना-पाकिस्तान इकोनोमिक करिडोरमा चीनले गरिरहेको लगानीले पाकिस्तानलाई ऋणको पासोमा पाऱ्यो भन्ने तर्क गरिंदैछ।

जीबुटी, लाओस, जाम्बिया र काजिकिस्तान जस्ता मुलुकमा ती मुलुकको वार्षिक कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशत भन्दा माथि चिनियाँ ऋण भित्रियाइएको छ। सडक, रेलमार्ग, बन्दरगाह,एयरपोर्ट, खानी र ऊर्जा लगायत ठूला पूर्वाधार परियोजनामा चीनको लगानी फैलिदो छ।

नेपालका सन्दर्भमा श्रीलङ्का गतिलो उदाहरण हो। श्रीलङ्काले हम्बनटोटा बन्दरगाहमा चिनियाँ लगानी भित्र्याएको थियो।जुन अहिले पुर्णरुपमा असफल भएको छ।तर त्यसमाथी चिनको सैन्य कब्जाबढदै गएको छ।उक्त लगानीको लगातार जनताबाट बिरोध भइरहेको कारण त्यहाको सरकार फेरिएको छ।तर पनि चिनले केहि महिना अगाडि आफ्नो जासुसि जहाज नै त्यहा खडा गरेको छ। बीआरआई परियोजना अन्तर्गत बनेको यो ठूलो बन्दरगाहमा चीनको एक अर्ब डलर ऋण लगानी छ। तर चिनियाँ ठेकेदारहरूले बनाएको यो बन्दरगाह, श्रीलङ्काको अर्थव्यवस्थाले थेग्न सकेन। ऋणको भारीले थिचिएपछि, श्रीलङ्काले सन् २०१७ मा उक्त बन्दरगाहको ७० प्रतिशत स्वामित्व चीनको राज्य सञ्चालित चाइना मर्चेन्ट्सलाई ९९ वर्षका लागि भाडामा दियो। विश्लेषकहरू, अहिले नेपालले चीनको लगानीमा विस्तृत अध्ययन नगरी निर्माण गरेको पोखरा क्षेत्रीय विमानस्थलले यही दूरावस्था भोग्नुपर्ने चेतावनी दिइरहेका छन्। पोखरा क्षेत्रीय विमानस्थल बीआरआई परियोजना अन्तर्गत कै लगानी मोडलमा चीनले लगानी गरेको हो।जसको लगानि लागत एका एक तिन गुना बढाइएयो। तर सरकारले यो कस्तो चीनीयाँ लगानी हो भन्ने नै खुलाएको छैन। गत चैत ११ गते नेपाल भ्रमणमा आएका चीनका विदेशमन्त्री वाङ यीले विमानस्थल उद्घाटन गरेर साँचो नेपाल सरकारलाई हस्तान्तरण गरिसक्नु भएको छ। चीनको ऋण लगानीमा बनाइएको पोखरा विमानस्थल कसरी सञ्चालन हुन्छ र सञ्चालन र व्यवस्थापन खर्चका हिसाबले आत्मनिर्भर बन्न सक्छ कि सक्दैन भन्ने विषय बल्ल बहसमा आएको छ।

> *गत चैत ११ गते नेपाल भ्रमणमा आएका चीनका विदेशमन्त्री वाङ यीले विमानस्थल उद्घाटन गरेर साँचो नेपाल सरकारलाई हस्तान्तरण गरिसक्नु भएको छ। चीनको ऋण लगानीमा बनाइएको पोखरा विमानस्थल कसरी सञ्चालन हुन्छ र सञ्चालन र व्यवस्थापन खर्चका हिसाबले आत्मनिर्भर बन्न सक्छ कि सक्दैन भन्ने विषय बल्ल बहसमा आएको छ।* **चीनले यस्ता आयोजनामा गर्ने लगानी र ऋणको विवरण सार्वजनिक गर्दैन र ऋण लगानी गर्ने बैंकहरूले यस्ता सम्झौताका शर्तहरू गोप्य राख्नुपर्ने शर्त राखेका हुन्छन्। यस्ता सर्तका कारण ऋण लिएका मुलुकले चीनसँगको ऋणको विवरण सार्वजनिक गर्न नसक्ने बेलायती गुप्तचर एजेन्सी एमआईसिक्सको निष्कर्ष छ। चीनले अन्तर्राष्ट्रिय व्यापारिक ऋणमा गोप्यता राखेकै कारण उसले कति लगानी गरिरहेको छ र उसँग कति मुद्रा सञ्चिति छ भन्ने नै अस्पष्ट छ।**

चीनले यस्ता आयोजनामा गर्ने लगानी र ऋणको विवरण सार्वजनिक गर्दैन र ऋण लगानी गर्ने बैंकहरूले यस्ता सम्झौताका शर्तहरू गोप्य राख्नुपर्ने शर्त राखेका हुन्छन्। यस्ता सर्तका कारण ऋण लिएका मुलुकले चीनसँगको ऋणको विवरण सार्वजनिक गर्न नसक्ने बेलायती गुप्तचर एजेन्सी एमआईसिक्सको निष्कर्ष छ। चीनले अन्तर्राष्ट्रिय व्यापारिक ऋणमा गोप्यता राखेकै कारण उसले कति लगानी गरिरहेको छ र उसँग कति मुद्रा सञ्चिति छ भन्ने नै अस्पष्ट छ।

**के हो बीआरआईको रणनीति ?**

बीआरआई, चीन सरकारले प्रस्तुत गरेको अत्यन्त महत्वाकांक्षी विकास रणनीति हो। यो चीनको पश्चिमी भागलाई मध्य एसिया, रूस, युरोप, भूमध्य सागर, अरब सागर, दक्षिणपूर्वी एसिया, दक्षिण एसिया र हिन्द महासागरसँग जोड्ने रणनीतिक परियोजना हो। यही परियोजना अन्तर्गत बन्ने सडकले समुद्री मार्गद्वारा चीनलाई युरोप र अफ्रिकासँग जोड्ने छ। बीआरआई परियोजनाले नेपाल सहित ६८ मुलुक, ४.४ अर्ब जनसंख्या र संसारको कुल गार्हस्थ्य उत्पादनको एकतिहाइ हिस्सा ओगट्ने छ। सन् २०१३ को सेप्टेम्बरमा कजाकस्तानस्थित नाजार्बाएव विश्वविद्यालयमा सम्बोधनका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङले 'सिल्क रोड इकोनोमिक बेल्ट' निर्माण गर्ने प्रस्ताव गर्नुभएको थियो। लगत्तै २०१५ मा चिनियाँ राज्य परिषद् (स्टेट काउन्सील) ले चीनलाई विश्व समुदायसँग जोडने 'वान बेल्ट वान रोड' कार्ययोजना पारित गऱ्यो।

सन् २०१६ मा केपी शर्मा ओलीले चीन भ्रमण गरेलगत्तै नेपाल र चीन सरकारका बीच १२ मे २०१७ मा बीआरआई सम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको हो। त्यसपछि सन् २०१८ मा केपी शर्मा ओली पुनः चीन गएर गरेको सम्झौता र सन् २०१९ को अप्रिल २४ मा राष्ट्रति विद्यादेवी भण्डारीले चीनको राजकीय भ्रमणका बेला गरेका सम्झौताका विवरण समेत सार्वजनिक भएका छैनन्।

जुन अधिकांश बीआरआई परियोजना सम्बन्धी सहायक सम्झौता हुन्। जबकि, राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल चीन रेल्वेका बारेमा प्रस्ताव राखेको र दोस्रो बीआरआई फोरमले उच्च महत्वका साथ बिआरआई घोषणाको २३ नम्बर बुदाँमा नेपालको प्रस्ताव समेटिएको त्यसवेला परराष्ट्र मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको थियो। बीआरआई फोरमको बैठक पछिको संयुक्त घोषणाको बुदा नं २३ मा नेपाल चीन ट्रान्स हिमालयन बहुआयामिक हिमालयन कनेक्टिभिटी र यस अन्तर्गत नेपाल चीन अन्तर्देशीय रेल्वेलाई समेटिएको छ। यसको विस्तृत मोडालिटी के हो भन्नेबारेमा भने नेपाल सरकारले अझै बोलेको छैन।

# नवजात शिशुलाई हुने जन्डिसः भ्रम र यथार्थ



डा राजकुमार विक



केही समय अगाडिको कुरो हो। हाम्रो युनिटको चिकित्सकिय टिम कान्ति बाल अस्पतालको ४ नम्बर ओपिडीमा बिरामी हेर्दै ब्यस्त थियौ। करिब ४५० जना बच्चाहरुको चेकजाँच गरेपश्चात सानो शिशुलाई लुगामा न्यानो गरेर एक वृद्ध हजुरआमा र सँगै छेउमा भर्खरै सुत्केरी भएकी देखिने आमाको पालो आयो। बिरामीको आफन्तलाई मिठो मुस्कानसहितको सक्दो सरल भाषामा सल्लाह र उपचार दिँदैगर्दा मेरो शरीर पनि गलिसकेको थियो। के कति समस्या भएर सानो मान्छेलाई लिएर आउनु भयो भनी प्रश्न गर्दा 'हेर्नुन डा बाबु, मेरो नाति अहिले १५ दिनको भईसक्यो, शरीर पुरै पहैंलो देखिन्छ। यसको आमालाई एकदम सादा भात र दाल मात्र दिएकी छु, माछा मासु तरकारी, बेसार लगायत सबै कुरा बारेको छु तर पनि निको भएन त्यही भएर कान्ति बालमा लिएर गए निको हुन्छ भन्ने सुनेर यता आएका हउ।' यती भनी सकेपछि मैले सक्दो सबिस्तारमा नवजात शिशुलाई चेकजाँच गरी शिशुमा देखिने जन्डिसका बारेमा केही कुराहरु बुझाउन र सिकाउन कोसीस गरेँ। तर त्यो भिडमा जती राम्रोसँग सम्झाउन खोजे पनि त्यो माथि ओपिडी सकिनै लागेको समयमा थकित शरीरले सबै कुरा भन्न नस्कदो रहेछ। त्यही भएर आजको यस अंकमा नवजात शिशुमा देखिने जन्डिस सम्बन्धी केही यथार्थ जानकारी र भ्रम चिर्नलाई सहयोग गर्ने प्रयास गर्नेछु।

**नवजात शिशुमा देखिने जन्डिस**

जन्डिस भनेको रगतमा हुने बिलिरुबिन नामक तत्व सामान्य भन्दा बढी भएर शरीर पहैंलो देखिने अवस्था हो। समय पुगी अथवा ३७ हफ्ता भन्दा बढी समय पुगेर जन्मिएका लगभग ६० प्रतिशत र त्यसभन्दा अघि (समयभन्दा अघि) जन्मिएका ८० प्रतिशत नवजात शिशुहरुमा केही न केही मात्रामा जन्डिस देखिने गर्छ। अर्थात जन्मिएका १० जना शिशुमध्ये ६ देखि आठ जनामा जन्डिस हुने गरेको पाइन्छ। सुरुमा आँखा हुँदै अनुहार, छाती, पेट अनि हात, खुट्टामा पहैंलो देखिन्छ जसले बिलिरुबिनको बढ्दो मात्रालाइ संकेत गर्छ। शरीरमा हुने रातो रक्तकोष (च्चयक्रक) मा हेमोग्लोबिन नामक तत्व हुन्छ। यी राता रक्तकोषहरू नयाँ बन्ने क्रममा टुक्रिँदै जान्छन्। र, यो चक्र निरन्तर भइरहेको हुन्छ। रातो रक्तकोष टुक्रिँदै जाँदा रगतमा बिलिरुबिन बन्छ। बिलिरुबिन घोलीय बन्न कलेजोमा जान्छ। घोलीय बनेपछि पित्तथैलीबाट आन्द्रा र त्यसपछि दिसा पिसाबको माध्यमबाट शरीरबाट बाहिर निष्कासन हुन्छ।

धेरैजसो नवजात शिशुमा देखिने पहैंलोपन सामान्य हुन्छ र उपचार चाहिँदैन। तर करिब ५ देखि १० प्रतिशत नवजात शिशुमा जन्डिस असामान्य हुन्छ र उपचार चाहिन्छ।

**कारणहरुः**

**फिजियोलोजिकल जन्डिस**

- शिशु जन्मेको २४ देखि ७२ घण्टामा देखिन्छ।
- यो शिशुको कलेजो पूर्ण रुपमा परिपक्व नभएका कारण देखिन्छ।
- यो ३-५ दिनमा उच्चतम विन्दुमा पुग्छ र त्यसपछि क्रमशः घट्दै जान्छ।

शिशुकोमा राता रक्तकोश (RBCs) को मात्रा बढी हुने र वयस्कको भन्दा आयु छोटो हुने हुँदा राता रक्तकोश टुक्रा भईराख्ने तर कलिलो उमेर हुने हुँदा राम्रोसँग राता रक्तकोश बन्न नसक्ने, टुक्रा भई बनेको बिलिरुबिन लाई बोक्ने प्रोटिन(ष्भिबलमष्ल)को कमी भएर, ग्न्त्ज्ञब्ज्ञ भन्ने इन्जाइमले कम काम गर्दा पनि बनेको बिलिरुबिनलाई सफा गर्न गाह्रो हुन्छ।

**प्याथोलोजिकल जन्डिस**

- शिशु जन्मेको २४ घण्टाभित्र देखिन्छ,
- जुनसुकै लेबल भएता पनि तर फोटोथेरापीमा राखी उपचार गर्ने दायरामा पऱ्यो भने,
- समय पुगी जन्मेको बच्चामा १४ दिन र समय नपुगी जन्मेको बच्चामा २१ दिन सम्म पनि जन्डिस भईराखेमा,
- बच्चा सुस्त भएमा, दुध कम खाएमा,तापक्रम तल माथि भइराखेमा,वा जन्डिस छिटो छिटो गरी बढेमा जस्ता सन्क्रमणका लक्षण देखिएमा,
- पिसाब गाढा पहेलो रङको आएमा, दिसा बेला बेला मा सेतो खरानी रङको जस्तो आएमा

**जन्डिस हुने बढी जोखिम रहने अवस्था**

- समय पूरा हुनुभन्दा अगाडि(३७ हप्ता अघि) जन्मिएका,
- राम्रोसँग स्तनपान नगरेका,
- आमाको रगत समूह नेगेटिभ र बच्चाको पोजेटिभ भएमा ,
- आमा ओ पोजेटिभ भई बच्चा ए, बी वा एबी भएमा,
- ग्लूकोज ६ फोस्फेट डिहाइड्रोजेनस (जि६पिडी) को कमीका कारण,
- आमामा थाइराइडको समस्या भई बच्चामा पनि भएमा,
- आमाको दूधको सेवनका कारण,
- बच्चालाई भ्रुण अवस्थामा पाठेघरभित्रै वा जन्मीसकेपछि संक्रमण भएमा,
- दम्पत्तिको यसअघिको शिशुमा (दोस्रो सन्तान भएको हकमा) जन्डिस भएमा,
- जन्मको बेला बच्चाका टाउकोमा, अन्य कतै चोटका कारण रगत जमेमा,
- मधुमेह भएका आमाको बच्चाहरुमा रगत बाख्लो भएमा,
- पिसाबको सन्क्रमण भएमा आदि।

यसबाहेक कलेजोमा हेपाटाइटिस वा अन्य कुनै समस्या, संक्रमण भएमा (हेपाटिक) र पित्तथैलीबाट आन्द्रामा आउने क्रममा बाधा परेमा पनि बच्चालाई जन्डिस (अब्स्ट्रक्टिब जन्डिस) हुनसक्छ। बिलिएरी अट्रेजिया' मा पित्तथैलीबाट आन्द्रामा जाने एउटा नलीको विकास नभएपछि रगतमा बिलिरुबिन मात्रा बढन गई जन्डिस हुन्छ।

**जन्डिसले ल्याउने जटिलता**

मस्तिष्कमा असर गरी बच्चा सुस्त हुने, दूध नखाने, धेरै रुने, कराउने, शरीर अरठ्ठो बनाउनु,सास रोकिने, झट्का हान्ने(काम्ने) जस्ता लक्षण देखिने गर्दछ। पछी गएर कान नसुन्ने, आँखा नदेख्ने, सेरेब्रल पाल्सी हुने ,मस्तिष्कको वृद्धि विकास उचित रुपमा नहुन सक्छ।

**उपचार**

नवजात शिशुमा देखिने पहैंलोपन हेरेर मात्र उपचारको आवश्यकता पर्छ या पर्दैन भन्न सकिदैन। त्यसैले नजिकै पायक पर्ने स्वास्थ संस्थामा गई देखाउनु पर्दछ। कतिपय अवस्थामा बिहानको घाममा शिशुको आँखा र पिसाब फेर्ने भाग छोपी केही समयलाई केही दिन राखेर पनि हेर्न सकिन्छ तर त्यसो गर्दै गर्दा कति परिवारले अनुहार नै डढाएर शिशु अस्पताल ल्याउनुहुन्छ र कतिपय अवस्थामा घाममा राख्दै गर्दा जन्डिस निको नभई अस्पतालमा ल्याउन ढिलो भइ सकेको हुन्छ। त्यसैगरी आवश्यक्ता अनुसार बच्चालाई विशेष प्रकारको नीलो बत्ती (फोटोथेरापी) मा राख्नुपर्छ। साथै धेरै नै बढी भएमा बच्चाको रगत फेर्ने पनि गर्नु पर्दछ। केही खोज अनुसन्धानले इम्युनोग्लोबुलिन भन्ने औषधिलाई बैकल्पिक रुपमा पनि प्रयोग गर्न सुझाएका छन्। बिलिएरी अट्रेजियामा ६० देखि ९० दिनभित्र शल्यक्रिया गरेकोमा बढी सफलता देखिएको छ।

अघि माथि भने जस्तै करिब ५-१० प्रतिशतलाई मात्रै उपचारको आवश्यकता पर्दछ भने ९०-९५ प्रतिशतलाई चिकित्सकको सल्लाह बमोजिम केही उपचार गर्नु पर्दैन र केही हप्तापछि आँफै घटेर जान्छ। त्यस्तै माथि उल्लेखित कुराहरु बाट शरीर पहैंलो किन देखिन्छ र जन्डिस हुने कारणहरु पनि थाहा भयो। यहाँ लेखेको कुराहरु अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सले भर्खरै प्रकाशित गरेको क्लिनिकल प्रक्टिस गाईड्लाइन्स २०२२, क्लोहर्टी एन्ड स्टार्क्स म्यानुअल अफ नियोन्याटल केयर २०२१, तथा अन्य विभिन्न खोज अनुसन्धान र अहिलेसम्म उपचार गरिएका हजारौं बच्चाहरुबाट तथा आदर्णीय गुरुबर्ग र चिकित्सक साथीहरुबाट सिकेको आधारमा लेखिएको छ।

यती कुरा भन्दै गर्दा पनि हाम्रो समाजमा भ्रम तथा अन्धबिश्वासले जरो नै गाडेर बसेको छ। आमाले नुन, बेसार, माछा, मासु, दूध, दहि र फलफुल भएको खाना खाँदा बच्चालाई जन्डिस हुने मान्यता छ र बार्न लगाइन्छ। जसको चिकित्सकिय पेशामा कुनै ठोस प्रमाण छैन। झन स्तनपान गराइरहेका आमाले प्रशस्त दूध आउनका लागि अन्यको तुलनामा छ सय देखी आठ सय क्यालोरी धेरै खानुपर्ने हुन्छ। मुख बार्दा आमामा पोषणको कमी भई दूध उत्पादनमा पनि कमी आउँछ। जसकारण बच्चालाई दूध कम भई बच्चामा थप समस्या निम्तिन सक्छ। यस्तो बेलामा सुत्केरी आमालाई थप पोशिलो खाना नदिएर सादा भात दाल मात्रै दिएर हामीहरुले कसैले माफ दिनै नमिल्ने ठुलो पाप पो गर्दै छैनौं ?

यसबाहेक बच्चालाई पहैंलो कपडामा राख्दा बच्चाको जन्डिस बढ्छ भन्ने भम्र रहेको पाइन्छ। यो कुरा एकदम गलत हो। यो कुनै पनि कारणबाट सम्बन्धित छैन। साथै जन्डिस झारेर, फुकेर निको हुने समस्या होइन। सामान्य कारणले भएको जन्डिस (१० जनामा लगभग ९ जना ) धामीझाँक्रीकोमा नगई आफैं पनि निको भएर जान्छ। त्यसैले एस्तो स्वास्थ्य समस्याको भ्रम चिरेर स्वास्थकर्मीले हरेक नवजात शिशुको आमाबुवालाई प्रर्याप्त जानकारी दिएर समाजमा चेतना फैलाउनु कर्तब्य पनि हो।

बिरामी चेकजाँच गर्ने क्रममा धेरै कुरा सिकियो र सिकिर्दै छ। तर स्वास्थमा प्रगती गर्न अझै ठुलो छलाङ मार्नु पर्ने छ। धेरै कुरामा हामी अझै पनि ढुङे युगमै छौं जस्तो लागेर आउँछ। बिकसित देशहरु कहाँ पुगि सके हामी भने जहाँको त्यहीं छौं। समाजमा पुरानो सोच अनी रुढिबादीको बिगबिगी छ। देशको संघीय राजधानीमा बस्ने पढेलेखेका केही बुद्धीजिबी बर्गको हालत त एस्तो छ। उपत्यका बाहिर त झन सोची नसक्नु छ। त्यसैलै सजिलै गर्न सक्ने र हुने परिबर्तन गर्न हामी किन पछि छौं? यस्को पछाडी कस्को हात छ? अब देशले शिक्षित र परिवर्तन ल्याउन सक्ने नीति निर्मातालाई यो आउने मङ्सिर ४ मा स्वागत गर्न तयार छ त ?

*(लेखक कान्ति बाल अस्पतालमा कार्यरत बाल रोग विशेषज्ञ हुन्।)*



**टीका ग्रहण गर्दै मुख्यमन्त्री**ः वीरगञ्जमा आयोजना गरिएको सामूहिक भाइटीका कार्यक्रममा टीका ग्रहण गर्दै मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत। *तस्विर : टुडे*

# चाडपर्वको सम्वर्द्धन गर्न जरुरी छ : केपी ओली

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीले हरेक चाडपर्वहरूको महत्व फरक फरक हुने भन्दै चाडपर्वहरूको संरक्षण र सम्वर्द्धन गर्न जरुरी रहेको बताएका छन्।

उनले हजारौँ वर्ष लगाएर संरक्षण गरिएका चाडपर्व र इतिहासलाई सबै नेपालीहरूले संरक्षित गर्नु र सम्वर्द्धन गर्नु अहिलेको आवश्यकता भएको बताए।

आजको समय किंवदन्तीको नभइ, तथ्य र तथ्यांकको भएकाले चाडपर्वमा रहेका कमजोर पक्षहरूलाई हटाउनुपर्ने पनि उनको भनाइ थियो।

तिहारको उपलक्ष्यमा बहिनीहरूबाट भाइटीका लगाएपछि नेता ओलीले यस्तो प्रतिक्रिया दिएका हुन्। नेता ओलीले बिहीबार भाइटीकाको दिन आफ्ना तीन जना बहिनीहरूसँग टीका लगाएका थिए। 'हाम्रा चाढपर्व अत्यन्त



महत्वपूर्ण छन्। मलाई पनि विभिन्न ठाउँबाट मेरा दिदिबहिनीहरू आएर टीका लगाइ दिएका छन्। मैले पनि टीका लगाइदिएको छु।

बिहीबार भाइटीकाको दिन हुँदैनथ्यो भने दिदिबहिनीहरूसँग यस्तो भेटघाट हुँदैन थियो। यो भेटघाट भाइटीकाको कारणले सम्भव छ। चाडहरू विशेष अर्थ र महत्व हुन्छन्। यो पनि विशेष अर्थ र महत्वको छ। यिनीहरूको संरक्षण र सही अर्थको सदुपयोग गर्न जरुरी छ। हाम्रो संस्कृति, सभ्याता इतिहास संरक्षण गर्न जरुरी छ। हजारौँ वर्ष लगाएर संरक्षण गरिएका चाड, पर्व इतिहासहरूलाई हामीले संरक्षित गर्नु र संवर्द्धन गर्न जरुरी छ। कमजोर पक्ष छन् भने हटाउन जरुरी छ। आजको जमाना किंवदन्तीको होइन, डेटाको हो। तथ्य, तथ्यांक, प्रमाण, तर्कको जमाना हो, अन्धविश्वासको होइन। त्यसैले हामी तथ्यमा र विश्वासमा जान चाहन्छौँ। हामीले कुनै पनि कुरालाई तथ्यसंगत अघि बढाउन जरुरी छ।'

# नेता साह जसपा प्रवेश



**टुडे समाचारदाता**

वीरगञ्ज। विगत २८ वर्षदेखि नेपाली कांग्रेसको सकृय राजनीति गर्दै वीरगञ्ज महानगरपालिका वडा नम्बर १२ का प्रमोद प्रसाद साह, जसपमा प्रवेश गरेका छन्।

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधीसभा सदस्य उम्मेदवार एंव पूर्वमन्त्री प्रदीप यादवको पहलमा साह कांग्रेस छाडेर जसपामा प्रवेश गरेका छन्।

कांग्रेसका कृयाशील सदस्यसमेत रहेका साह, बिहीबार जसपामा प्रवेश गरेका छन्। बिहीबार एक अनौपचारिक कार्यक्रममा पूर्वमन्त्री यादवले साहलाई गम्छा ओढाएर पार्टीमा स्वागत गरे।

कांग्रेस विपीको सिद्धान्त र विचारबाट विचलित भएको तथा काँग्रेसका नेताहरु पनि पार्टीको नीति, विचार र सिद्धान्त बिर्सिएर व्याक्तिगत स्वार्थमा लिप्त भएकाले त्यस्तो पार्टीमा बस्न नसक्ने ठहर गर्दै आफूले काँग्रेस परित्याग गरेको साहले बताए।

अहिलेको परिवेशमा मधेश र मधेशीको हकहितमा लड्ने एक मात्र पार्टी जसपा नै भएकोले आफूले जसपा रोजेको उनले बताए।

# धनुषा- ४ मा त्रिपक्षीय प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा निर्वाच क्षेत्र नं ४ प्रतिनिधिसभामा २०७४ कै प्रतिस्पर्धी उम्मेदवार पुनः चुनावी मैदानमा उत्रिनुभएको छ। सत्ता गठन्धन कांग्रेसबाट महेन्द्र यादव, नेकपा एमालेबाट रघुवीर महासेठ र जनता समाजवादी पार्टी (जसपा) बाट महाजन यादवबीच नै यस पटक पनि त्रिपक्षीय भीडन्त देखिएको छ। हुन त यस क्षेत्रमा जनमत पार्टीका किसुन यादव, राप्रपाका अनिरुद्ध यादव, स्वतन्त्रबाट विजय याद, हास्य कलाकार कृष्णकुमार महतोसहित ३१ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। तर मुख्य प्रतिस्पर्धा भने कांग्रेस, एमाले र जसपाका उम्मेदवारबीच नै हुने देखिएको छ।

यसअघि धनुषा निर्वाच क्षेत्र नं ४ बाट तीन पटक निर्वाचित भएका नेकपा एमालेका सचिव रघुबीर महासेठ अहिले पनि प्रतिस्पर्धामा रहेका छन्। एमाले र जसपाबीच गठबन्धन भएपनि दुबै दलको आ-आफ्नै उम्मेदवार छन् भने यता सत्ता गठबन्धनको एकल उम्मेदवार उठाएको छ। विसं २०७४ को निर्वाचनमा पनि तीन उम्मेदवारबीच चर्को प्रतिस्पर्धा रहेको थियो। तत्कालीन वाम गठबन्धनका साझा उम्मेदवार महासेठ २२ हजार ५३२ मतका साथ विजयी हुँदा कांग्रेसका महेन्द्रले १९ हजार ९९१ र मधेसी गठबन्धनका उम्मेदवार महाजनले १९ हजार ६६२ मत प्राप्त गरेका छन्।







महासेठ र महाजन दुबैले अघिल्लो चुनावका सहयात्री गुमाइसकेका छन्। त्यो बेला रघुवीरको साथमा रहेको माओवादी र महाजनको साथमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी (तत्कालीन राजपा) दुबै यो पटक कांग्रेसका उम्मेदवार महेन्द्रको साथमा छन्। एमालेबाट फुटेको एकीकृत समाजवादी पनि सत्ता गठबन्धनमै छ। त्यसैगरी एमाले र जसपाबीच चुनावी गठबन्धन भए पनि दुबैको आ-आफ्नै उम्मेदवार भएपछि सत्ता गठबन्धनलाई फाइदा पुग्ने अवस्था देखिएको राजनीतिक विश्लेषकहरू बताउँछन्।

एमालेले (क) मा कांग्रेस परित्याग गरी आएका सन्तोष यादव र (ख) मा मिथिला नगरपालिकाका पूर्व मेयर हरिनारायण महतोलाई उम्मेदवार बनाएको छ। जसपाले (क) मा प्रदेश सरकारका पूर्वमन्त्री ज्ञानेन्द्र यादव र (ख) मा चन्देश्वर महतोलाई उठाएको छ। एमाले र जसपाका सहमति अनुसार धनुषा-४ को प्रतिनिधिसभासँगै प्रदेशसभा (क) एमालेले लिने र (ख) जसपाले लिने उल्लेख छ। अर्कातर्फ नेकपा एकीकृत समाजवादीका धनुषा उपाध्यक्ष सोमप्रसाद शर्मालाई धनुषा (ख) बाट टिकट दिनेगरी एमाले प्रवेश गराइएकोमा टिकट भने दिइएको छैन।

सत्ता गठबन्धन प्यानलसहित एकातिर छ। सत्ता गठबन्धनबाट प्रदेश सभा (क) मा भर्खर जसपा छाडेर आएका शेषनारायण यादव र (ख) मा एकीकृत समाजवादीका शत्रुघन महतो उम्मेदवार छन्। वन उद्योग पर्यटन प्रदेश मन्त्रीसमेत रहेका शत्रुधन यस क्षेत्रका प्रत्यक्ष निर्वाचित वर्तमान प्रदेश सांसद हुन्। त्यसैगरी चुनावको मुखमा केही स्थानीय प्रभावशाली नेताले गरेको पार्टी फेरबदलले पनि असर पार्ने सम्भावना प्रवल छ। जसपाले टिकट नदिएपछि विद्रोह गरेर कांग्रेसबाट प्रदेश सभा (क) मा उम्मेदवारी दर्ता गराएका शेषनारायण यादवका कारण जसपालाई क्षति र कांग्रेसलाई फाइदा पुग्नसक्ने विश्लेषण भइरहेको छ। उता कांग्रेसका सन्तोष यादव एमालेमा प्रवेश गरेको क्षति कांग्रेसलाई पनि पुग्न सक्ने अर्को अनुमान छ।

यसका साथै ३० वैशाखमा भएको स्थानीय निर्वाचनको मत परिणाम हेर्दा पनि सत्ता गठबन्धन दलका उम्मेदवारको अवस्था बलियो देखिएको छ। धनुषा क्षेत्र नं ४ अन्तर्गत पर्ने पाँचवटा पालिकामध्ये मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, लक्ष्मीनिया गाउँपालिका र मिथिला विहारी नगरपालिका कांग्रेसले जितेको छ।

उसले क्षिरेश्वरनाथ नरपालिकाका बहुसंख्यक वडा पनि जितेको छ। एमालेले क्षिरेश्वर नगरपालिका र मिथिला नगरपालिकाको उपमेयरसहित बहुमत वडा जितेको छ। यस क्षेत्रमा मिथिला नगरपालिकाको वडा नं ४, क्षिरेश्वरको वडा नं ८ र ९, मिथिला विहारी नगरपालिकाको १, ३, ४ र ५ वडा पर्दैन। जनकपुरधाम उपमहानगरपालिकाको वडा नं ९, १३, १४, १९, २१ र २२ गरी पाँचवटा भने यसै क्षेत्रमा पर्दछ।

यो क्षेत्रमा पर्ने पार्टीका वडाध्यक्षहरुले पाएको मतको आधारमा कांग्रेस पहिलो र एमाले दोस्रोमा छन्। तेस्रोमा जसपा र चौथोमा एकीकृत समाजवादी रहेका छन्। सत्ता गठबन्धनबाट कांग्रेसका उम्मेदवार महेन्द्र यादवले स्थानीय तहमा कांग्रेसको पहिलो मत र त्यसमाथि गठबन्धन दलको साथलाई आफू जित्ने बलियो आधार रहेको बताउँछन्। महेन्द्रले गत चुनाव आफू झिनो मतले पराजित भएको सहानुभूतिका कारण आफूले निर्वाचन जित्ने दाबी गर्छन्। उनले यस बीचको ५ वर्षमा आफू सबै जनता बीच पुगेको र धेरै कामहरु गरेको हुनाले आफ्नो लोकप्रियता जनतामा बढी रहेको तर्क गरे।

उता महासेठले पनि आफू मन्त्री हुँदा यस क्षेत्रमा थुप्रै सडक कालोपत्र गरेको, खोलाहरुमा पुल निर्माण गराएको लगायतको विकास निर्माणका काम गरेकाले यहाँका नागरिकले आफूलाई पुनः जिताउने दाबी गरे। यता जसपाका उम्मेदवार महाजन यादव स्थानीय चुनावी नतिजाले यो चुनावमा असर नगर्ने दाबी गर्छन्। आफू लामो समयदेखि जनतासँगै जिल्लामै रहेकाले जनताप्रति आफ्नो विश्वास रहेको उनको दाबी छ।

# काठमाण्डु २ का जनतालाई सुख-दुःखमा साथ दिने पोखरेलको बाचा

काठमाण्डु। आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौं क्षेत्र नम्बर २ की उम्मेदवार कुन्ती पोखरेलले यस क्षेत्रका स्थानीयको सुख-दुःखमा साथ दिने बताएकी छिन्। बिहीबार क्षेत्र नम्बर २ को शंखरापुर नगरपालिका वडा नम्बर ९ को भुल्भु क्षेत्रको घरदैलोका क्रममा उनले यस क्षेत्रको विकास निर्माणका साथै जनताका सुख दुःखमा सदैव साथ दिने प्रतिबद्धता जनाएकी हुन्।



उम्मेदवार पोखरेलले सरकारले पाँच वर्षमा गर्न नसकेका धेरै काम शंखरापुर नगरपालिकाले ६ महिनामा गरेर देखाएको बताउँदै राप्रपा निर्वाचित भएमा काठमाण्डु क्षेत्र २ का जनता अभिभावक विहीनको अवस्थामा रहनु नपर्ने उल्लेख गरिन्। शंखरापुरको भुल्भुमा गरिएको दीपावली र छठपर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा मतदातासँग अन्तर्क्रिया कार्यक्रममा उनले आफू सोही क्षेत्रको बासिन्दा भएकोले 'टुरिष्ट' उम्मेदवारले भन्दा जनताको सुख दुःखलाई बढी ख्याल गर्ने उल्लेख गरिन्।

उनले भनिन-'राप्रपाले शंखरापुर नगरपालिका जितेपछि अघिल्ला प्रतिनिधिले पाँच वर्षमा गर्न नसकेका धेरै काम ६ महिनामा पूरा भएको छ। अब प्रतिनिधि सभा र प्रदेश सभामा पनि हामीलाई जिताउनुभयो भने यो ठाउँको भौगोलिक, सामाजिक आवश्यकता अनुसार विकास निर्माण समृद्धि हासिल गर्ने काम गर्नेछौँ।' कोटेश्वरबाट भक्तपुरतर्फ बाटो खानेपानीको विकास भएपनि क्षेत्र नम्बर २ का धेरै क्षेत्रमा भने एम्बुलेन्स छिर्ने बाटो समेत नभएकोले यस्ता बाटो, भौतिक पूर्वाधार, स्वास्थ्यका मुद्दाहरूलाई प्रमुख प्राथमिकता राखेर अघि बढ्ने उनले बताइन्।

आफ्नो पहलमा शंखरापुर नगरपालिकाका लागि एम्बुलेन्सको व्यवस्था गरेको उल्लेख गर्दै उनले जनताका स्वास्थ्य सेवा, शिक्षा स्वास्थ्य र विकासका कुरामा आफू सधैँ लागिपर्ने उल्लेख गरिन। उनले हिजो चुनाव जितेका नेता जस्तो आफू नरहेको बताउँदै जनताको घरदैलोमा निरन्तर आउने बताइन्। उनले भनिन-'हिजो तपाईँहरूले कस्ता प्रतिनिधिलाई भोट दिनुभयो ?आज यो ठाउँको अभिभावक खोइ ? हिजो तपाईँहरूले भोट हालेका व्यक्तिहरू मन्त्री, प्रधानमन्त्री भए तर यो क्षेत्रमा फेरी फर्केर आउनुभयो ? पक्कैपनि आएनन्। यो पटक तपाईँहरूको सुख दुःखमा साथ दिने बाचा सहित तपाईँहरूको घर आँगन आएकी छु। तपाईँहरूले पक्कैपनि मलाई विश्वास गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।' उनले आगामी निर्वाचनमा पटक-पटक पदमा पुगेर पनि काम नगर्नेहरूलाई बिदाइ गरेर स्थानीय नयाँ नेतृत्व छान्न सुझाव दिइन्। उनले राप्रपाको एजेण्डा हिन्दू राष्ट्र नेपाल बनाउने, संवैधानिक राजतन्त्र र भ्रष्टाचार निर्मूल गर्ने एजेण्डा सहित आफू चुनावी मैदानमा आएको बताइन्।

उनले यो क्षेत्रमा राप्रपाले जिते मात्रै धर्म, संस्कार, संस्कृतिको रक्षा हुने र भौतिक पूर्वाधार र अत्यावश्यक कुराहरूको विकास हुनेमा जोड दिइन्। कार्यक्रममा राप्रपा शंखरापुर नगरपालिकाका नेता कार्यकर्ता र स्थानीयवासीको बाक्लो उपस्थिति रहेको थियो।रासस

# तीन कोठामा पाँच कक्षा

पाँचथर। जनप्रतिनिधि परिवर्तनपछि अघिल्लो आर्थिक वर्षमा सुरुआत भएका योजनामा यस वर्ष बजेट नछुट्टिँदा पाँचथरको एक विद्यालयको भवन अलपत्र बनेको छ भने विद्यार्थीको पठनपाठन प्रभावित बनेको छ।

जिल्लाको फिदिम नगरपालिका-११ फलाँटेस्थित पाथीभरा आधारभूत विद्यालयको तीनकोठे कच्ची भवन भत्कन थालेपछि गत वर्ष भत्काइयो। आव २०७८/७९ को बजेटमार्फत फिदिम नगरपालिकाले नयाँ भवन निर्माणका लागि रकमको प्रबन्ध गरेपछि नयाँ भवन निर्माण सुरु भयो। भवन मर्मतमा बजेट छुट्टिए पनि प्राविधिक लागत अनुमान परिवर्तन गरी दुई कोठे भवन निर्माण थालियो।

गत आवको बजेटबाट दुई कोठे भवन निर्माणका लागि जग निर्माण र छत ढलानको कार्य पनि सम्पन्न भयो। तर भवनमा पर्खाल लगाउने, झ्यालढोका राख्ने, रङरोगन गर्न बजेट पर्याप्त थिएन। "विद्यालयको कोषमा रहेको रु ६० हजार रकमसमेत निकासा गरी हालसम्मको निर्माण कार्य गरियो', विद्यालयका प्रधानाध्यापक चित्रकला घिमिरेले भन्नुभयो, "तर यस वर्ष बजेट नछुट्टिँदा हामी समस्यामा परेका छौँ।'

प्राविधिक लागत अनुमानअनुसार जग निर्माण र छत ढलानको कार्य उक्त बजेटले सम्पन्न हुनुपर्ने थियो। तर विद्यालयसम्म मोटर बाटो आई नपुगेकाले निर्माण सामग्री मानिसले बोकेर ढुवानी गर्नुपर्ने भएपछि लागत बढ्यो।

रड, सिमेन्ट र बालुवाको करिब रु तीन लाख ऋण छ', प्रअ घिमिरेले भन्नुभयो, "एकातिर भवन निर्माण अलपत्र छ, अर्कातिर ऋण लागेको छ।' यस विषयमा फिदिम नगरपालिकामा निवेदन दिइनुका साथै जनप्रतिनिधिलाई पटकपटक आग्रह गरेको र प्रधानाध्यापकको बैठकमा आफूले कुरा राख्दै आएको भए पनि बजेटको प्रबन्ध नहुँदा समस्या भएको घिमिरेले बताउनुभयो।

नगरपालिकाबाट सुरुआत भएको योजना भएकाले नगरबाटै सम्पन्न हुनुपर्ने आफूहरुले बुझे पनि भवन निर्माणलाई पूर्णता दिन बजेट नछुट्टिँदा समस्या भएको फिदिम-११ का वडाध्यक्ष राजेन्द्रकुमार थापाले वताउनुभयो। "नगरप्रमुख, उपप्रमुखलाई यहाँ आएर समस्या हेरिदिनुस् भनेर आग्रह गरे पनि उहाँहरु आउनुभएको छैन', थापाले भन्नुभयो, "वडासँग भवन निर्माण पूरा गर्ने बजेट छैन्।' भवन निर्माणको योजना अलपत्र हुँदा विद्यार्थीको पठनपाठनमा असर परेको उहाँको भनाइ छ।

कक्षा ५ सम्म पढाइ हुने यस विद्यालयमा अहिले ३५ जना विद्यार्थी छन्। एक बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र दुई शिक्षक रहेको विद्यालयसँग अहिले तीन कोठे भवन छ। उक्त भवनमा कार्यालयसहित पाँच वटा कक्षा सञ्चालन गर्नुपर्दा शिक्षण सिकाइ प्रभावित भएको प्रधानाध्यापक घिमिरेले बताउनुभयो।

विद्यालयले एउटा कोठामा कार्यालय, पूर्वप्राथमिक कक्षा र कक्षा १, दोस्रो कोठामा कक्षा २ र ३ तथा तेस्रो कोठामा कक्षा ४ र ५ सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो। "एकातिर पर्याप्त शिक्षक छैनौँ, अर्कातिर भौतिक संरचनाको अभाव छ', प्रअ घिमिरेले भन्नुभयो, "नयाँ भवन पूरा गर्न पाए केही सहज हुने थियो।'रासस

# पर्यटनकर्मी बुडाललाई 'पाटा फेस अफ द फ्युचर' अवार्ड

काठमाण्डु। प्यासिफिक एशिया ट्राभल एशोसिएशन (पाटा) ले प्रदान गर्ने 'पाटा फेस अफ द फ्युचर अवार्ड' बाट युवा पर्यटनकर्मी सुरेशसिंह बुडाल सम्मानित हुनुभएको छ।

नेपाली पर्यटन क्षेत्रमा दिगो तथा जिम्मेवार पर्यटन विकास र प्रवर्द्धनमा भूमिका निर्वाह गरेको भन्दै बुडाललाई उक्त अवार्डबाट सम्मान गरिएको पाटा नेपाल च्याप्टरले बुधबार विज्ञप्तिमार्फत जनाएको छ। पाटा अन्तर र्ष्ट्रियद्वारा प्रदान गरिने सो अवार्ड प्रशान्त एशिया क्षेत्रमा आबद्ध युवा पर्यटन व्यक्तित्वलाई प्रदान गरिने प्रतिष्ठित सम्मान हो।

वर्ष २०२० को पाटा फेस अफ द फ्युचर अवार्ड विजेताका रुपमा सुरेशसिंह बुडाललाई चयन गरिएको थियो। कोरोना महामारीका कारण अवार्ड हस्तान्तरण हुन सकेको थिए। पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत बुडालले पाटाको दक्ष जनशक्ति निर्माण अभियानअन्तर्गत नेपालमा विविध कार्यक्रम आयोजना गर्न तथा मानव जनशक्ति विकास र युवा पुस्ताको सशक्तीकरण अभियानसमेत निर्वाह गरेको भूमिकाको प्रशंसास्वरुप अवार्ड प्रदान गरिएको हो।

संयुक्त अरब इमिरेट्स (युएई) को रसअल खेमाह सहरमा आयोजित पाटा एनुअल समिट २०२२ अन्तर्गत अक्टोबर २६ तारिखका दिन सोनारा अल वादी क्याम्प, द रिड्ज कार्ल्टन अल वादी डेजर्टमा सम्पन्न पाटा अवार्डर्स समारोहकाबीच बुडाललाई अवार्ड प्रदान गरिएको विज्ञप्तिमा उल्लेख छ। बुडाल नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) मा मार्केटिङ विषयमा प्रशिक्षक र नेपाल उद्योग परिसङ्घ (सिएनआई) को पर्यटन समिति सदस्यका रुपमा समेत आबद्ध हुनुहुन्छ।रासस

## सित्राङ चक्रवातमा डुबेका आठ मजदुरको शव फेला

**सिन्ह्वा**

ढाका । बङ्गलादेशको चट्टोग्राम जिल्लाको तटबाट करिब दुई सय ४२ किलोमिटर दक्षिणपूर्वमा सित्राङ चक्रवातमा परेर हराइरहेका आठ जना मजदुरको शव उद्धारकर्मीहरूले फेला पारेका छन् । यो सँगै ६३ घण्टा लामो खोज तथा उद्धार अभियान सम्पन्न अधिकारीहरूले बताएका छन् ।

गत सोमबार आएको चक्रवातका बेला उनीहरूलाई सुरक्षित स्थानमा फर्कन आह्वान गरिएको तर एक जनामात्र चेतावनीलाई स्वीकार गरेर फर्केका थिए । माछामार्न गएका उनीहरूको डुङ्गा चक्रवातका कारण डुबेको थियो ।

आँधीहुरी र भारी वर्षाका साथ आएको चक्रवातमा परी हालसम्म ३५ जनाको ज्यान गएको, तटीय क्षेत्रका धेरै स्थानमा घर, बाली र भौतिक पूर्वाधारमा क्षति भएको तथा अधिकांशको मृत्यु रूखहरू ढलेर भएको सुरक्षा अधिकारीहरूले बताएका छन् ।

# सङ्कटपूर्ण अवस्थामा रहेका शरणार्थीलाई सहयोग अभाव

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घले पश्चिम अफ्रिकी देश चाडमा रहेका शरणार्थीको सहयोगका लागि आग्रह गरेको छ । पछिल्लो समयमा देखिएको राजनीतिकलगायतका सङ्कटका कारण यहाँका शरणार्थीहरुको अवस्था निकै सङ्कटपूर्ण रहेको जनाइएको छ ।




चाडमा पाँच लाख ७५ हजारभन्दा बढी शरणार्थी रहेका र उनीहरुलाई सहयोग नपुगेको संयुक्त राष्ट्रसङ्घीय प्रवक्ताले जनाएका छन् । उनका अनुसार यहाँ हरेक दिन शरणार्थीहरु बढ्ने क्रम जारी रहेको छ ।

संयुक्त राष्ट्रसङ्घीय महासचिवका प्रवक्ता स्टेफान डुजारिकले चाडमा रहेका शरणार्थीको अवस्था नाजुक रहेको भन्दै सहयोगका लागि सबैसँग अपिल गर्नुभएको हो । उहाँले चाडमा सन् २०२० का तुलनामा यसवर्ष शरणार्थी बढेर दोब्बर पुगेका पनि बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घले हालैमात्र सरकारहरुले राखेका तथ्यांङ्कमा भन्दा पनि बढी शरणार्थीहरु अफ्रिकी देशहरुमा रहेका र उनीहरुका समस्या समाधानका लागि ठोस पहल हुन नसकेको बताएको एक दिनपछि आज प्रवक्ता डुजारिकको सो प्रतिक्रिया आएको हो ।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता डुजारिकले यहाँ पछिल्ला दिनहरुमा शरणार्थी बढ्दै गएका भए पनि संयुक्त राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले आवश्यकताको १० प्रतिशत मात्र सहयोगको तयारी गरेको बताउनुभएको हो ।

उता हाल देखा परिरहेका शरणार्थीहरुमा पनि आगामी दिनमा उक्त सङ्ख्या थप बढ्ने चेतावनी पनि संयुक्त राष्ट्रसङ्घले दिएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चायुक्त फिलिपो ग्रान्डीले अफ्रिकी देशहरुमा शरणार्थीहरुको संख्या बढ्दै गएसँगै कतिपय स्थानमा उनीहरुको अवस्था थप अज्ञात तथा नाजुक बन्दै गएको बताउनुभएको थियो । सोमालियमा मात्र यसवर्ष कम्तीमा दश लाख नागरिक खडेरीका कारण विस्थापित भएका तथ्याङ्क संयुक्त राष्ट्रसङ्घसँग रहेको छ । सोमालियमा नै आन्तरिक राजनीतिक विवाद र हिंसाका कारण विस्थापित भएकाहरुको सङ्ख्या कम्तीमा पनि पाँच लाख रहेको छ ।

पछिल्ला केही वर्षयतादेखि चाड बाढी र पहिरोबाट बढी मात्रामा पीडित भएको छ । केही वर्षयताको बाढीबाट चाड प्रभावित भएको र यहाँका नागरिक लाखौंको सङ्ख्यामा विस्थापित भएका छन् ।

# गण्डकीको टोली घोषणा



कास्की । आसन्न 'प्रधानमन्त्री कप एक दिवसीय' राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा गरिएको छ ।

गण्डकी प्रदेश क्रिकेट सङ्घले यही कात्तिक २ देखि ८ गतेसम्म प्रादेशिक छनोट प्रतियोगिता गरी १४ नियमित र चार वैकल्पिक गरी १८ जना खेलाडी प्रधानमन्त्री कपका लागि छनोट गरेको हो ।

गण्डकीको टोलीको कप्तानमा विपिन खत्री छन् । यसैगरी चन्द्रकान्त पौडेल, समिर कँडेल, विधान श्रेष्ठ, सचिनराज अधिकारी, अर्जुन कुमाल, सन्दीप खत्री, अमृत गुरुङ, करन पङ्गेनी, सन्देश बस्नेत, अभिशेक बस्नेत, सुवास भण्डारी र कमल परियार टोलीमा रहेको गण्डकी प्रादेशिक क्रिकेट सङ्घले जनाएको छ । यसैगरी वैकल्पिक चार खेलाडीमा दिनेश बुढामगर, प्रदीप अर्याल, सौजन्य रेग्मी र सन्दीप पराजुली छन् । गण्डकीको प्रशिक्षकमा रिजन प्रजु र ब्यवस्थापकमा चन्द्रकुमार गुरुङ छन् । नेपाल क्रिकेट सङ्घको आयोजनामा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता यही कात्तिक १३ देखि २६ गतेसम्म राजधानी काठमाडौँमा हुँदैछ ।

प्रतियोगितामा सात प्रदेश र तीन विभागीय गरी १० टोलीको सहभागिता रहने नेपाल क्रिकेट सङ्घले जनाएको छ ।

प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए'मा गण्डकी प्रदेश, एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, कर्णाली प्रदेश र सुदूरपश्चिम तथा समूह 'बी' मा नेपाल पुलिस क्लब, बागमती प्रदेश, लुम्बिनी प्रदेश, मधेस प्रदेश र प्रदेश नं १ छन् ।

# भारतको लगातार दोस्रो जित



एजेन्सी । भारतले ट्वान्टी-२० विश्वकपमा बिहीबार लगातार दोस्रो जित निकालेको छ । उसले नेदरल्यान्डस्लाई ५६ रनले पराजित गऱ्यो । डच टिमको भने यो लगातार दोस्रो हार हो ।

जितका लागि १ सय ८० रन पछ्याएको नेदरल्यान्ड्सले नौ विकेटमा १ सय २३ रन मात्र बनाउन सक्यो । उसका लागि कसैले पनि गतिलो योगदान दिन सकेनन् । टिम पिन्जलको २० रन नै सर्वाधिक ठूलो स्कोर रह्यो ।

यसअघि पहिले ब्याटिङ गरेको भारतले दुई विकेट गुमाएर १ सय ७९ रन बनाएको थियो । त्यसमा तीन ब्याटरले अर्ध शतक बनाए । कप्तान रोहित शर्माले ५३, विराट कोहलीले ६२ र सूर्यकुमार यादवले ५१ रन बनाए ।

यो जितले भारतको सेमिफाइनल पुग्ने सम्भावना बलियो भएको छ ।

# इजरायलद्वारा लेबनानसँगको सीमा सम्झौता अनुमोदन

**सिन्ह्वा**

जेरुसेलम । इजरायल सरकारले लेबनानसँगको समुद्री सीमा सम्झौतालाई अनुमोदन गरेको छ । प्रधानमन्त्री यायर ल्यापिडको कार्यालयले आज एक विज्ञप्ति निकालेर दुई मुलकबीच भएको समुद्री सीमाङ्कन सम्झौतालाई अनुमोदन गरिएको बताएको हो ।




लेबनान र इजरायलले गत असोज २५ गते पूर्वीभूमध्यसागरको सिमाना विवाद समाधान गर्न सहमत भएको घोषणा गरेका थिए । उक्त घोषणाको संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्‌ले स्वागत गरेको छ ।

समुद्री सीमा विवाद अन्त्य गर्न भएको यो ऐतिहासिक सम्झौताले भूमध्यसामगरमा लामो समयदेखि जारी रहेको दुई देशबीचको द्वन्द्व समाप्त भएको छ । समुद्री सीमालाई लिएर सन् १९४८ देखि दुवै मुलुक युद्धको अवस्थामा थिए ।

लेबनान र इजरायलले आफ्नो समुद्री सीमाको विवाद अन्त्य गर्न र त्यसलाई स्थायीरूपमा समाधान गर्न भएको सम्झौताको सुरक्षा परिषद्का सदस्य राष्ट्रले स्वागत गरेका हुन् । दुवै देशको उक्त निर्णयले मध्यपूर्वको स्थायित्व, सुरक्षा र समृद्धिमा योगदान पुग्ने विश्वास परिषद्‌ले व्यक्त गरेको छ ।

इजरायल र लेबनानबीचको सहमतिले दुवै देश र त्यहाँका जनतालाई फाइदा पुग्ने तथा पूर्वीभूमध्यसागरमा रहेको ऊर्जा स्रोतबाट दुवै पक्षलाई समानरूपमा लाभान्वित तुल्याउन अवसर मिल्ने परिषद्‌ले विज्ञप्ति निकालेर जनाएको छ ।

## इजरायलद्वारा दमासकसमा क्षेप्यास्त्र प्रहार

दमास्कस । बुधबार मध्यरातमा इजरायलले दमासकसमा क्षेप्यास्त्र आक्रमण गरेको सरकारी समाचार समिति संस्था सानाले जनाएको छ । सानाकाअनुसार सिरियाली वायु सुरक्षाबलले धेरै इजरायली क्षेप्यास्त्र रोकेका थिए ।

राजधानीका रहेका मानिसले धेरै शक्तिशाली विस्फोट सुनेका जनाइएको छ । इजरायलले सिरियामा दुई दिनमा यो दोस्रो पटक क्षेप्यास्त्र आक्रमण गरेको जनाइएको छ । इजरायलले सिरियाको राजधानी वरिपरि सिरियाली सैन्य साइटमा प्रहार गरेर क्षति पुऱ्याएको र यसमा परी एक सैनिक घाइते भएका जनाइएको छ ।

# आधा शताब्दीसम्म ननुहाएका पुरुषको ९४ वर्षको उमेरमा निधन



इरान । सञ्चारमाध्यमहरूले 'विश्वकै फोहोरी व्यक्तिको' संज्ञा दिएका एक जना सन्यासी वृद्धको ९४ वर्षको उमेरमा निधन भएको छ। आफूलाई बिरामी बनाउने भयले आमु हाजीले आधा शताब्दीभन्दा बढी समयसम्म साबुन र पानीको प्रयोग गर्न अस्वीकार गरेका थिए । दशकौंपछि पहिलो पटक नुहाएको केही महिनापछि उनको निधन भएको थियो। दक्षिणी प्रान्त फार्समा बसोबास गर्ने हाजीले गाउँलेहरूले उनलाई सफा पारिदिन विगतमा गरेका प्रयास टार्दै आएका थिए।

तर स्थानीय सञ्चारमाध्यमका अनुसार उनी अन्ततः दबाब सामु झुके र केही महिनाअघि उनले नुहाए । इरानको आइआरएनए समाचार संस्थाका अनुसार त्यसको केही समयपछि उनी बिरामी भए र आईतवार उनको निधन भयो । संसारको सबभन्दा स्वच्छ सहर जहाँ केवल १५० जना बस्छन्

**हामी किन मर्छौं?**

सन् २०१४ मा द तेहरान टाइम्सलाई दिएको अन्तरवार्तामा उनले आफ्नो मनपर्ने खानेकुरा दुम्सी भएको खुलासा गरेका थिए। उनले जमिनमा बनाइएको प्वाल र छिमेकीहरूले बनाएको इट्टाको टहरोकाबीच देजगाह गाउँमा आफू बस्ने गरेको पनि बताएका थिए।

आफू किशोर छँदा व्यहोरेको 'भावनात्मक क्षति' बाट पार पाउन त्यस्तो अस्वाभाविक रोजाइको पक्षमा आफू उभिएको उनको भनाई थियो । वर्षौंसम्म ननुहाउँदा उनको छाला कालो धुवाँ र कडा पहेँलो फोहोरले ढाकिएको आइआरएनएले जनाएको छ।

उनको खान्कीमा कुहिएको मासु र थोत्रो तेलको जर्किनमा राखिएको अस्वास्थ्यकर पानी रहने गरेको थियो । नेपालमा कुनकुन रोगले धेरै मानिसको ज्यान लिन्छन् **राउटे समुदाय नै 'लोप हुन सक्ने' त्यस्तो के सङ्कट आइपरेको हो?**

उनलाई धूम्रपान मन पर्थ्यो र एक पटक भन्दा बढी समय एक भन्दा बढी चुरोट एकै पटक तानिरहेको अवस्थाको उनको तस्बिर खिचिएका थिए । इरानी समाचार संस्थाले नुहाउने वा सफा पानी उपलब्ध गराउने प्रयासले उनलाई दुखी तुल्याउने गरेको जनाएको छ। यद्यपि लामो समय ननुहाएर बस्ने कीर्तिमान उनको नाममा हुन्छ कि हुँदैन भन्ने विषयलाई लिएर केही विवाद रहेको छ । सन् २००९ मा एक जना भारतीय पुरुषले ३५ वर्षसम्म ननुहाएको र आफ्नो दाँत पनि नमाझेको विवरण आएको थियो । त्यसयता उनलाई के भयो भन्ने अझै प्रस्ट छैन।

## आतङ्ककारी हमलामा तेह्र जना मारिए

**सिन्ह्वा**

तेहरान । इरानको दक्षिणी सिराज सहरमा भएको आतङ्ककारी हमलामा परी कम्तीमा पनि १३ जनाको ज्यान गएको समाचारमा जनाइएको छ ।

बुधबार सो सहरमा अवस्थित साचेराग नामक एक धार्मिकस्थलमा सो हमला भएको थियो । इरानी गृह मन्त्रालयले आतंककारी हमलामा परेर १३ जनाको ज्यान गएको र अरु २१ जना घाइते भएका जनाएको छ ।

आतङ्ककारीले शक्तिशाली आक्रमण गरेकाले घाइतेको अवस्था गम्भीर रहेको बताइएको छ । घाइतेलाई उपचारार्थ अस्पताल राखिएको छ ।

आतङ्ककारी हमलामा परी मारिनेमा एकजना महिला र अरु दुई बालबालिका पनि परेका छन् । सो धार्मिकस्थलमा रहेका सुरक्षाकर्मीलाई लक्ष्य गरेर हमला गरिएको बताइएको छ ।

मारिनेमा उनीहरु नै बढी परेका पनि समाचारमा जनाइएको छ । आक्रमणमा तीन जना हमलाकारी रहेका पाइएको छ । तीमध्ये एकजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले यसको अनुसन्धान थालेको छ । प्रारम्भिक अनुसन्धानबाट यस हमलामा यहाँको ताकफिरी नामको आतङ्ककारी समूह संलग्न रहेको पाइएको प्रहरीले जनाएको छ ।

## 'चीनले भारतलाई कहिल्यै रणनीतिक प्रतिद्वन्द्वीका रूपमा हेर्दैन'



**एएनआई**

ढाका । चीनले भारतलाई रणनीतिक प्रतिद्वन्द्वीका रूपमा कहिल्यै नहेर्ने बङ्गलादेशका लागि चिनियाँ राजदूत ली जिमिङले बताएका छन् । ढाका प्रेस क्लबमा बुधबार भएको एक कार्यक्रममा उनले आर्थिक, भूराजनीतिक एवम् अन्य समस्या समाधान गर्न भारत र चीनले मिलेर काम गर्नुपर्नेमा जोड दिए ।

भारतका लागि चिनियाँ राजदूत सन वेइडोङले आफ्नो चारवर्षे कार्यकाल पूरा गरेर स्वदेश फर्कनुअघि "हामी भारतलाई चीनको रणनीतिक रणनीतिक प्रतिद्वन्द्वीको रूपमा कहिल्यै हेर्दैनौं, भारत-चीन दुवैले भूराजनीतिको जालबाट बाहिर निस्केर विगतभन्दा फरक नयाँ बाटो खोज्नुपर्छ, भनेको केही दिनपछि राजदूत लीबाट यो टिप्पणी आएको हो ।

राजदूत सुनले भारत र चीनबीचका मतभेद समाधान गर्दै एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तलाई कायम राख्नुपर्नेमा जोड दिएका थिए । बेइजिङ र नयाँदिल्लीले मतभेदको व्यवस्थापन र समाधानको प्रयास गर्नुपर्नेमा जोड दिँदै उनले चीन-भारत सम्बन्धलाई मतभेदले परिभाषित गर्नुको सट्टा वार्ता र परामर्शबाट उचित समाधान खोज्नुपर्ने आवश्यकता औँल्याएका थिए ।

चिनियाँ राजदूतसँगको बिदाई भेटपछि भारतका विदेशमन्त्री सुब्रमन्यम जयशङ्करले चीन-भारत सीमा क्षेत्रमा शान्ति कायम गर्न तथा शान्तिपूर्ण द्विपक्षीय सम्बन्धलाई अक्षुण्ण राख्न अपरिहार्य भएकामा जोड दिँदै भारत-चीन सम्बन्ध सामान्यीकरण हुनु दुवै देशका लागिमात्र नभई एशिया र समग्र विश्वको हितमा रहेको बताएका थिए ।

सन् २०२० मा लद्दाखको दोक्लाममा भएको दोहोरो झडपपछि चिसिएको चीन-भारत सम्बन्धलाई पुनः पुरानै अवस्थामा फर्काउन तथा आपसी सम्बन्धलाई व्यवस्थित गर्न दुवै पक्षले प्रयास गरिरहेका छन् ।

## राजकुमार ह्यारीको संस्मरण 'स्पेयर' छापिँदै

**एपी**

न्युयोक । राजकीय उत्तरदायित्वबाट अलग भएका राजकुमार ह्यारीको संस्मरण 'स्पेयर' आगामी पुस २६ गते बजारमा आउने भएको छ ।

पेन्गुइन र्‍यान्डम हाउसले छाप्ने स्पेयरमा ह्यारीको अटल इमानदारी, अन्तर्दृष्टि, आत्म-परीक्षण, असीमित शक्ति, विजय-पराजय, दुःख, प्रेमगायत विषय समेटिने छन् । प्रकाशनगृह पेन्गुइन र्‍यान्डम हाउसले आज एक वक्तव्य जारी गरेर पुस्तक प्रकाशनको जानकारी दिएको हो । सन् १९९७ मा आफ्नी आमा डायनको अकल्पनीय मृत्यु, आमा र भाइ विलियमसँगका सम्झना पुस्तकमा पढ्न पाइनेछ ।

उक्त प्रकाशनगृहले राजकुमार ह्यारीलाई एक पति, पिता, मानवीयकर्मी, सैन्य दिग्गज, मानसिक स्वास्थ्य अभियन्ता एवम् वातावरणविद्का रूपमा परिचय गराएको छ । चार सय १६ पृष्ठको उक्त पुस्तक डच एवम् पोर्चुगिलगायत १६ भाषामा छापिने छ । पुस्तक बिक्रीबाट प्राप्त हुने रकम बेलाइतका परोपकारी संस्थाहरूलाई दान गरिनेछ । लेखक ह्यारीले लेसोथो र बोत्सवानामा एचआईभी/एड्सबाट प्रभावित बालबालिका र युवाहरूलाई मद्दत गर्न लेसोथोका राजकुमार सेइसोसँग मिलेर स्थापना गरेको संस्था सेन्टेबालेलाई १५ लाख अमेरिकी डलर दिएका छन् ।

अमेरिकामा जन्मेकी श्रीमती मेघनसँग विवाह गरेकाससेक्सका ड्यूकले सन् २०२० मा आफ्नो शाही कर्तव्यबाट बिदा लिएर अमेरिका सरेका सरेका थिए । बेलाइतको राजपरिबारबाट आफूलाई आर्थिक सहयोग नभएको तथा आफ्नी आमाले छाडेको रकमबाट गुजारा गरिरहेको गत वर्ष एउटा रेडियो अन्तर्वार्तामा उनले बताएका थिए ।

# आशादायी भविष्य प्रदान गर्ने प्रधानमन्त्री सुनक

**एएनआई**

लन्डन । बेलाइतका नवनियुक्त प्रधानमन्त्री ऋषि सुनकले देशलाई आशादायी भविष्य प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । बुधबार राति टेन डाउनिङ स्ट्रिटमा आयोजित दीपावली समारोहमा उहाँले बेलाइतलाई आशादायी भविष्य प्रदान गर्न हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । आफ्नो सरकारी निवासमा उज्यालो पर्व मनाउँदै गरेको तस्विर सामाजिक सञ्जालबाट साझा गर्दै उहाँले सबैप्रति शुभकामना व्यक्त गर्नुभएको छ । बिहीबार राति टेन डाउनिङ स्ट्रिटमा भएको दीपावलीको कार्यक्रममा सहभागी हुन पाउँदा हर्षित छु, आगामी पुस्ताले आफ्नो भविष्य आशाका साथ हेर्न सक्ने बेलाइत निर्माणका लागि सक्दो प्रयास गर्नेछु।उहाँले ट्वीट गर्नुभएको छ।

राजनीतिक उथलपुथलका कारण लिज ट्रसले राजीनामा गरेपछि सात हप्तामा बेलाइतको तेस्रो प्रधानमन्त्री बन्नुभएको उहाँले गत मङ्गबार दिनुभएको पहिलो सार्वजनिक मन्तव्यमा ट्रस सरकारबाट विगतमा भएका गल्ती सच्च्याउने तथा राष्ट्रको आर्थिक स्थायित्व पुनः स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले पूर्ववर्ती सरकारका त्रुटी सच्च्याउन गरिने निर्णयहरू कठिन हुने चेतावनी पनि दिनुभएको थियो । गहिरो आर्थिक एवम् राजनीतिक सङ्कटको सामना गरिरहेको बेलाइतलाई त्यसबाट मुक्त गर्न वाचा उहाँले गर्नुभएको थियो ।

सन् १९६० को दशकमा पूर्वी अफ्रिकाबाट बेलाइत आउनु भएका सुनक भारतीय मूलका हुनुहुन्छ । उहाँका पिता स्थानीय चिकित्सक हुनुहुन्थ्यो भने उनकी उहाँकी आमाले दक्षिणी इङ्ल्याण्डमा फार्मेसी चलाउनुभएको थियो । मातापिताको उक्त कामले उहाँलाई जनताको सेवा गर्ने इच्छा जागृत भएको हो ।



**टीका बिक्री:** भाइ टीकाका लागि सप्तरङ्गी टीका बिक्री गर्दै ब्रिकेता। तस्विर : रासस

# माटोमा अम्लियपना बढ्दा रैथाने खेती नासिँदै

गलेश्वर । तीन दशकदेखि म्याग्दीको बेनी नगरपालिका-२ खबरामा व्यावसायिक तरकारी र फलफूल खेती गर्दै आउनुभएका ५८ वर्षीय चन्द्रबहादुर कार्की आफ्नो खेतीबारीमा फलेका तरकारी र रैथाने जातका खाद्यान्न देखेर दङ्ग पर्नुहुन्थ्यो ।

कुनै पनि विषादीको प्रयोग नगरीकन खेतबारीमा लटरम्मै भएर फलेका तरकारी, फलफूल, हिउँदे र बर्खेबाली बिक्री गरेर लभ्लीहिलमा तीनतले पक्कीघर र सदरमुकाम बेनी बजारको मङ्गलाघाट घरघडेरी जोड्न सफल कार्की अहिले भने कृषि पेसाबाट वितृष्णा जागेको बताउनुहुन्छ ।

जिल्लाकै अगुवा कृषक कार्कीलाई कृषिमा वितृष्णा त्यत्तिकै आएको होइन । आर्ग्यानिक तरकारीमात्रै फलाउने र बिक्री गर्ने कार्कीले 'इमानदार कृषक'को पहिचानमा नै विषादीको दाग लाग्न थालेपछि कृषि पेसाप्रति वितृष्णा जागेको हो । माटोको उर्वराशक्तिमा ह्रास आउँदै गएपछि आर्ग्यानिक रैथाने कृषि उत्पादन अब तीव्ररूपमा घट्दै गएको र विषादीको प्रयोग गरेर खेती गर्न आफ्नो मनले नमानेको हुँदा वर्षौंदेखि गर्दै आएको 'खेती गरौँ कि छाडौँ' को स्थितिमा पुगेको उहाँले बताउनुभयो। "मैले सुरुदेखि नै आर्ग्यानिक रैथाने जातका खेतीलाई महत्व दिएँ, यहीँ माटोमा पसिना बगाएर पुग्दो सम्पत्ति पनि जोडेँ", कार्कीले भन्नुभयो, "विगत पाँच-छ वर्षयता माटोमा अम्लियपना बढ्दै गयो, रैथाने बीउबाट फसल उत्पादन घट्दै जान थाल्यो, विषादीको प्रयोग नगर्ने हो भने रोग र किराको समस्याले सताउन थाल्यो", उहाँले भन्नुभयो ।

"अचेल त विष प्रयोग नगरी तरकारी फल्दैन, बाली पाक्दैन । प्रत्येकको घरको भान्सामा विष मिसिएको तरकारी नपकाइ सुखै छैन", कार्कीले भन्नुभयो । कृषिमा निर्भर नेपालको आर्थिक प्रणाली प्रभावित हुनेगरी जलवायुपरिवर्तनको असर देखिन थालेको छ । फलफूलहरू ढिलो पाक्न थालेका छन्, वातावरणीय सन्तुलन बिग्रँदै जान थालेको र रैथाने जातका बीउ अभाव हुँदा खाद्य सुरक्षामै प्रश्न उठ्न थालेको छ ।

कृषि वैज्ञानिक टीकाबहादुर कार्कीका अनुसार जलवायु परिवर्तनका कारण यस्ता समस्या म्याग्दीमा मात्रै होइन, जताततै देखिन थालेका छन् । उहाँ भन्नुहुन्छ, "जलवायु परिवर्तनका कारण रैथाने जातको उत्पादन कम हुँदै जान थालेका छन् । कतिपय स्थानीय जातका बीउहरू त लोप पनि भइसकेका छन् ।" कृषि प्रणालीका हरेक पक्षमा नकारात्मक प्रभाव परिरहेको छ ।

परिवर्तित जलवायु सुहाउँदो खेती गर्ने प्रयास नगरिँदा यसले नेपालको खाद्य सुरक्षामा नै दीर्घकालीन प्रभाव पारिरहेको कृषि विज्ञहरूको भनाइ छ । किसानका अनुसार सुन्तला, आँपलगायतका फलफूलमा कोपिला लाग्ने, फूल फुल्ने र फल पाक्ने समय पनि परिवर्तन भएको छ । सुन्तला मङ्सिरमा पाक्न थालेको छ । पहिला-पहिला माघमा कोपिला लागेर फागुनमा आँपको फूल फुल्थ्यो भने अहिले आँपको फूल कि त चैत कि त वैशाखमा फुल्न थालेको कृषकले बताएका छन् ।

कृषि प्राविधिक जगत बानियाँ अनपेक्षितरूपमा कम वा बढी वर्षा हुँदा सिमी, आलु, करेला, भिन्डी, काँक्रो, बोडी र घिरौँलाजस्ता तरकारीको गुणस्तर र रङ तथा स्वाद पनि बदलिएको बताउनुहुन्छ। हिउँदमा खेती गर्ने काउली र बन्दाजस्ता तरकारीका फलको आकार पछिल्लो वर्ष सानोभन्दा सानो हुँदै गइरहेको छ। बालीनालीमा मात्रै होइन, पशुलाई खुवाउने घाँसमा पनि औषधि हाल्नुपरेको किसानको गुनासो छ ।रासस

# माटो परीक्षण गर्न कृषकको आनाकानी




पर्वत । कृषिकर्म गरिरहेका कृषकलाई मेहेनत गरेअनुसार अन्नबाली उत्पादन भएको छ ? भनेर प्रश्न गर्ने हो भने अधिकांशको उत्तर आउँछ ' कहाँको उत्पादन हुनु ? नगरी नभएर हो ।'

उनीहरूको जवाफ पनि सही हो । खेतबारीमा जति मेहेनत गरिएको हुन्छ, त्यसको तुलनामा अन्न उत्पादन नहुँदा धेरै कृषकले वैकल्पिक बाटो रोजेका छन् त कतिले व्यावसायिकरूपमा भन्दा आफूलाई काम चल्ने गरेर मात्रै खेतीपाती गर्ने गरेका छन् ।

यो नतिजा आउनुको एक प्रमुख कारणका रूपमा माटो परीक्षण नगरीकनै खेतीबाली लगाउनु भएको कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताउनुभयो । कृषकलाई व्यावसायिकरूपमा कृषिमा आकर्षण गरी थोरै माटोको अवस्थाअनुसारको खेती गर्न भन्दै गण्डकी प्रदेश सरकारले २०७८ सालदेखि प्रदेशका हरेक कृषि ज्ञान केन्द्र माटो परीक्षणका लागि 'मिनी ल्याब' स्थापना गरेको छ । गत वर्षको साउनदेखि हालसम्मका १३ महिनाको अवधिमा कुल २२ वटा नमूनाको मात्रै परीक्षण भएको छ। त्यो पनि कृषकले ल्याएको नभई ज्ञान केन्द्र आफैँले माटो ल्याएर ।

विगतका वर्षमा जस्तो माटो परीक्षणका लागि पोखरा नै जानुपर्ने अवस्था रहेको भए ती २२ वटा नमूना पनि आउने थिएनन् । तर जिल्लामै परीक्षण हुने भएकाले कार्यालयको सक्रियतामा जिल्लामा मोटोको अवस्थाका बारेमा थाहा पाउन सजिलो भएको छ ।

माटो परीक्षणको क्रममा माटोमा रहने धेरै प्रकारका खाद्य तत्वको अवस्थाबारे पत्ता लगाइन्छ । ठूला अनुसन्धानमा सबै प्रकारका खाद्य तत्वको परीक्षण गरिने भए पनि कृषकलाई लक्षित गरेर गरिने परीक्षणमा नाइट्रोजन, फस्फोरस र पोटासको परीक्षण गर्ने गरिन्छ । यसबाहेकका अन्य दुई प्रकारका खाद्य तत्वलाई पनि अवस्थाअनुसार परीक्षण गरिन्छ ।

माटोमा रहेका पाँच प्रकारका तत्वको परीक्षण गर्दा खास लाग्ने शुल्क रु पाँच सय हो । तर कृषि ज्ञान केन्द्रले कृषकलाई रु एक सयमा नै परीक्षण गर्दै आएको छ । विद्यार्थी वा अन्य प्रयोजनको अनुसन्धान गर्न माटो परीक्षण गर्नेले भने रु तीन सय तिर्नुपर्छ ।

निकै सुलभ दरमा माटो परीक्षण हुँदा पनि कृषक भने परम्परावादी तरिकामा आफ्नै ढङ्गले खेती गरिरहेका छन् । जिल्लाको कुश्मा नगरपालिका-९ कटुवाचौपारीका रामकृष्ण लामिछानेले जिल्लामा माटो परीक्षण हुन्छ भन्ने थाहा पाए पनि त्यसका लागि नगएको बताउनुभयो ।

"माटो परीक्षण हुन्छ भन्ने त थाहा थियो, त्यही पनि खै अरूले माटो लगेको देखेको छैन, मैले पनि लगेको छैन । अन्न फल्नै छाडे त के भयो भनेर खोजी हुने थियो होला", उहाँले भन्नुभयो, "बरु अब एकचोटी लगेर देखाउन पर्ला । यहाँको जमिनमा राम्रो उत्पादन हुने भएकाले पनि यतातिर परीक्षणमा खासै कसैको रुचि देखिन्न ।"

वरिष्ठ कृषि विकास अधिकृत थापाले यसमा कृषकको चासो निकै कम भएको बताउनुहुन्छ । गाउँमा रहेका कृषि फार्म तथा विभिन्न अनुगमनका लागि जाने बेलामा परीक्षणका लागि आउन भनिए पनि कृषक नआएको उहाँको अनुभव छ ।

बिरामी परेको मान्छेलाई अस्पताल नलगी घरमै राखेर ' एक-दुई दिन विचार गरौँ न !' भन्ने मानसिकता रहेको बेलामा माटोको खोजी गर्नु परको कुरा भएको उहाँको भनाइ छ ।

"मान्छे नै बिरामी परे पनि एक-दुई दिन हेरौँ, भएन भने लैजाउँला भन्ने मानसिकता अझै पनि भेटिन्छ। मान्छेलाई त समयमा उपचार नगर्ने अवस्थामा माटोको उपचार गर्न कसलाई पो चासो लागोस ?" उहाँले भन्नुभयो, "तर जब कुरा बुझ्नुहुन्छ, त्यसपछि कृषक आफैँले माटो बोकेर आउनुहुने छ । यसको फाइदाका बारेमा जानकार नभएर पनि चासो नभएको होला ।" कृषकहरू यसमा आकर्षित नहुनुको कारण ज्ञान केन्द्रको सक्रियता यो भन्दा पनि बढी आवश्यक भएको हुनसक्ने अहिलेसम्म आफूहरूले सकेसम्म प्रचार-प्रसार गरिरहेको उहाँको भनाइ छ ।

कृषकले परीक्षणका लागि माटो नल्याएको भए पनि कृषि ज्ञान केन्द्रले अनुगमन वा कार्यक्रममा गएको बेलामा फरक-फरक ठाउँबाट माटोको नमूना ल्याएर परीक्षण गर्ने गरेको छ । त्यो नतिजालाई हेर्दा नेपालभर रहेको अवस्थाभन्दा पर्वतको माटो झनै बिग्रिएको अवस्थामा रहेको पाइएको छ ।

नेपालको माटोको पिएच हेर्दा राष्ट्रियरूपमा ६० प्रतिशत छ। यो आफैँमा माटोको कमजोर अवस्था हो ।

जबकि पर्वतको माटोमा त्यही पिएचको अवस्था ८४ प्रतिशत रहेको पाइएको छ । २२ वटा नमूनाको परीक्षणबाट यो अवस्था देखिएको र यसले कृषि उत्पादनलाई विस्तारै कमजोर पार्दै लगेको थापाको भनाइ छ । माटोमा नाइट्रोजन र फस्फोरसको मात्रा जति धेरै भयो उति नै राम्रो हुने भए पनि पर्वतको माटोको अवस्था मध्यम देखिएको छ ।

माटोको गुज्रिएको अवस्थाका कारण नै माटोको शक्ति जोगाउन सबै कृषकलाई कार्यालयमा आएर यसबारेमा आह्वान गरिएको उहाँले बताउनुभयो ।

माटोको अवस्था यही गतिमा खस्किँदै जाने हो भने केही वर्षपछि उत्पादन शून्य अवस्था आउन सक्ने र भोकमरीको अवस्था आउन सक्ने थापाले बताउनुभयो ।रासस

# विदेशी फलफूलको प्रभाव बढ्दै



काठमाण्डु । यतिबेला फलफूल व्यवसायीहरूले तिहारलाई लक्षित गरी स्याउ, केरा, सुन्तला, मौसम, नरिबल आदि फलफूल स्वदेश तथा विदेशबाट उपत्यका भित्र्याउने गर्छन् । कालिमाटी, कुलेश्वर, बल्खु, जडीबुटी, एकान्तकुना, जोरपाटी, ध्रुमवराहीलगायत काठमाडौँ उपत्यकाको ठाउँठाउँमा फलफूलका थोक बजार छन् ।

काठमाण्डु उपत्यकामा भित्रिने कूल फलफूलको ८० देखि ९० प्रतिशत कालिमाटी र कुलेश्वरको बजारमा जम्मा हुने गरेको सुनाउनुहुन्छ नेपाल फलफूल थोक व्यवसाय सङ्घ, काठमाडौँका अध्यक्ष अम्मर बानियाँ । कुलेश्वर स्थित थोक बजारमा फलफूल मात्रै पाइन्छ। उहाँका अनुसार उपत्यकाभर र उपत्यका आसपासका जिल्लाका व्यवसायीले कुलेश्वरस्थित सोही बजारबाट फलफूल किनेर लाने गर्छन् ।

अध्यक्ष बानियाँ भन्नुहुन्छ, "तिहारमा मुख्यगरी फलफूल स्याउ, सुन्तला, मौसम, केरा, नरिवलको खपत बढी हुने गर्दछ। हुनेखानेले किबी, अङ्गुर, ड्रागन फ्रुटलगायत महङ्गा फलफूल पनि किन्ने भएकाले त्यस्ता फलफूल पनि केही मात्रामा बिक्री हुने गर्छ ।" हाल बजारमा व्यवसायीले भारतीय (कास्मिरी) चकलेटी स्याउ बढी मात्रामा बिक्री गरिराखेका छन् । यसको होलसेल मूल्य प्रतिकेजी १३० देखि १४० रूपैयाँ पर्छ भने नेपाली स्याउको मूल्य प्रतिकेजी १३० देखि १९० रूपैयाँसम्म पर्छ ।"

तिहारको लागि भनेर पाँच दिनमा कास्मिरबाट चकलेटी स्याउ प्रतिगाडी २० टनका दरले ५० गाडी कुलेश्वर होलसेल बजारमा मात्र भित्रिने गरेको छ । अध्यक्ष बानियाँ भन्नुहुन्छ, "२० टनको एउटा गाडीको लागत (भन्सार, भाडा, खरिद सबै जोडेर) नेपाली २० लाख रूपैयाँ खर्च हुन्छ । तिहारको लागि रु १० करोडको कास्मिरबाट चकलेटी स्याउ भित्रियो । त्यस्तै, चिनियाँ स्याउ २० करोड रूपैयाँको आएको छ । यसरी बाहिरबाट १० र २० करोड गरी ३० करोड रूपैयाँको स्याउ यसपटक भित्रियो । मनाङ, मुस्ताङलगायत जिल्लाबाट करिब तीन करोडको स्याउ उपत्यका भित्रिएको छ ।

अध्यक्ष बानियाँका अनुसार नेपालभर कूल स्याउ खपतको करिब १० प्रतिशत मात्रै नेपाली स्याउले स्थान पाएको बताउनुहुन्छ । उहाँको अनुमानका अनुसार रु १५ करोडको चिनियाँ स्याउ काठमाडौँ उपत्यकामा मात्र खपत हुन्छ भने नेपाली, चिनियाँ र भारतीय गरी करिब २५ करोड रूपैयाँको स्याउ उपत्यकाका उपभोक्ताले खाने रहेछन् ।

त्यसैगरी नेपालमा केरा भारतबाट मात्र भित्रिन्छ। केराको बजार दुई महिनायता लगभग ३० प्रतिशत नेपाली र ७० प्रतिशत भारतीय रहेको बानियाँले बताउनुभयो । उहाँका अनुसार भारतीय केराको लागत आठ लाख रूपैयाँ प्रतिगाडी पर्न जान्छ। तिहारका पाँच दिनमा मात्रै रु ४० करोड मूल्यको पाँच सय गाडी केरा भारतबाट भित्रिएको छ । सोही अवधिमा कुलेश्वर थोक बजारमा रु तीन करोडको नेपाली केरा भित्रिएको छ ।

पछिल्लो समय सरकारले किसानलाई प्रोत्साहन गर्न नेपाली केराको उत्पादन तथा बिक्री बढाउन भनेर विदेशी केरा प्रतितपत्र (एलसी) मार्फत मात्रै भित्र्याउन पाइने व्यवस्था गरेको छ ।

बजारमा नेपालीभन्दा भारतीय केरा महङ्गोमा भए पनि उपभोक्ताले किन्ने गर्छन् । सुनसरी, मोरङलगायत स्थानका केरा उतै खपत हुन्छ । त्रिवेणी, टीकापुर, महेन्द्रनगरका केरा उपत्यकामा भित्रिने गरेको छ । तर त्यहाँबाट केरा ल्याउँदाल्याउँदै बाटैमा पाकिसक्छ। भारतीय केरा महाराष्ट्र, आन्द्राबाट तीन दिनमा आइपुग्दा पनि जस्ताको तस्तै हुन्छ ।

भारतीय केरा नेपाली बजारमा एक कोसा १० रूपैयाँमा बिक्री हुँदा नेपाली केरा मुस्किलले ४-५ रूपैयाँमा बिक्री हुने गरेको दुखेसो गर्दै बानियाँको छ । "अहिले भारतीय १५ टन केराको एउटा गाडी तीन लाख ढुवानी र एक लाख भन्सार गरी चार लाख रूपैयाँ तिरेपछि नेपाल आइपुग्छ । हाम्रो गाडीको ५० हजार मात्रै ढुवानी पर्छ ।" उहाँले भन्नुभयो ।

व्यावसायिक खेतीलाई जबसम्म प्रोत्साहन गरिँदैन तबसम्म नेपालमा भारतीय केरा विस्थापित नहुने बताउँदै बानियाँ भन्नुहुन्छ, "भारतीय केरा हेर्दा मिलेको राम्रो, ठूलो, मोटो हुन्छ । उनीहरूको केरा हेर्दै किनौंकिनौं लाग्ने प्याकेजिङ, ग्रेडिङ सबै राम्रो मिलेको हुन्छ र खाँदा पनि स्वादिलो छ । तर, नेपाली केरा खाँदा स्वादिलो भए पनि हेर्दा राम्रो देखिँदैन र लापर्वाहीका कारण बजारमा गिलो र दाग भएका हुन्छन् जसले गर्दा उपभोक्ताले बढी मूल्य तिरेरै भए पनि राम्रो नै किनेर लाने गर्छन् ।"

त्यसैगरी तिहारको लागि कुलेश्वर थोक बजारमा मात्रै भारतबाट पाँच करोड मूल्यको सुन्तला भित्रिएको छ भने मौसम तीन करोड रूपैयाँको भित्रिएको बानियाँले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले नेपालको सुन्तलाको याम सुरु नभइसकेकाले बजारमा नेपाली सुन्तलाको बिक्री शून्य छ। त्यस्तै लक्ष्मी पूँजा गर्नको लागि नरिवल दुई करोडको भित्रिएको छ । यसरी तिहारमा चाहिने मुख्यमुख्य पाँच/छ थरिका फलफूल सो बजारमा मात्रै रु ७५ करोडको आयात भएको भन्दै उहाँले भन्नुभयो, "तिहारमा मात्रै कूल आयात हेर्ने हो भने कुलेश्वर बजारमा मात्रै रु ७५ करोडभन्दा बढीको व्यापार हुन्छ ।"

यतिबेला भारतीय हलुवावेद बजारमा छ्याप्छ्याप्ती छ। त्यस्तै काँचै खान मिल्ने जापानी हलुवावेद पनि बजारमा पर्याप्त मात्रामा छ । अध्यक्ष बानियाँका अनुसार पहिला इटालीबाट भित्र्याइने किबी अहिले चेचेनीयको किबीले नेपाली बजार लिएको छ । पछिल्लो समयमा नेपालमा पनि किबी उत्पादन हुन थालेपछि अब विस्तारै बाहिरको किबी विस्थापित हुनेमा उहाँ विश्वस्त हुनुहुन्छ। नेपाली किबीको साइज एकनासको नहुने, सानो-ठूलो सबै एकै ठाउँमा प्याकिङ गरिदिने गर्दा बजारमा विदेशी किबीको प्रभाव बढ्ने देखिन्छ ।

त्यसैगरी नेपाली बजारमा पाइने ड्रागन फ्रुट भियतनामबाट भित्रिएको हो । अध्यक्षे बानियाँ भन्नुहुन्छ, "बिडम्बना भियतनामबाट यहाँ आएको ड्रागन फ्रुट २५० देखि ३०० रूपैयाँ किलो पर्छ तर नेपालमा उत्पादन भएकालाई ५०० रूपैयाँ केजीको पर्छ । हेर्दा उनीहरूको राम्रो भए पनि नेपाली ड्रागन फल मीठो छ तर उपभोक्ताले यो कुरा बुझ्दैनन् । भाडा, भन्सार आदि सबै तिरर यहाँ आइपुग्दा पनि भियतनामको ड्रागन फ्रुट केजीको २५० रूपैयाँमा पाइन्छ । नेपाली ड्रागन फ्रुट भने थोक बजारमै केजीको ५०० रूपैयाँ पर्छ ।" उहाँका अनुसार किसानलाई दक्ष प्राविधिक ज्ञान नदिएसम्म नेपाली उत्पादन बिक्री हुन गाह्रो हुन्छ ।

# आलु, मकैको विकल्पमा किवी

भोजपुर । भोजपुर जिल्लाका कृषक व्यावसायिक किवी खेतीतर्फ आकर्षित भएका छन् । आलु तथा मकैखेतीभन्दा किवी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि उनीहरू यसतर्फ आर्कषित भएका हुन् । बजारमा माग राम्रो भएको तथा एक पटक विस्तार गरेपछि लामो समयसम्म आम्दानी लिन सकिने भएसँगै किसान व्यावसायिक किवी खेतीमा लागेको कृषक बताउँछन् । किवी खेतीबाट राम्रो आम्दानी हुने किसानको भनाइ छ ।

एकपटक रोपेपछि वर्षौंसम्म आम्दानी लिन सकिने भएपछि कृषक अन्य बाली हटाएर व्यावसायिक किवीखेतीमा लागेका छन् । भोजपुर नगरपालिका, टेम्केमैयुङ गाउँपालिका-४ नागीको लुङ्गिन, वडा नं ५ को मझौले, पौवादुङमा गाउँपालिका, आमचोक गाउँपालिकालगायत ठाउँमा किसानले यसको व्यावसायिक खेती गरिरहेका छन् ।

केही कृषकले रहरले खेती गरे पनि टेम्केमैयुङ-४ नागीमा भने व्यावसायिकरूपमा नै यसको खेती भइरहेको छ । नागीका नविन राईले एक सय ५० भन्दाबढी बिरुवा लगाएर यसको व्यावसायिक खेती गरिरहेको बताउनुभयो । मकै फल्ने बारी मासेर पाँच वर्ष अघिबाट किवीको व्यावसायिक खेती भइरहेको कृषक राईले बताउनुभयो ।

आफ्नो बारीमा उत्पादन भएको किवी केही गाउँमै खपत हुने र बाँकी बाहिरी जिल्लामा बिक्री गर्दै आएको राईले जानकारी दिनुभयो । किवी प्रतिकेजी रु दुई सय ५० देखि रु तीन सयमा स्थानीय बजारमा बिक्री गर्दै आएको राईको भनाइ छ । नजिकै मध्यपहाडी लोकमार्गसमेत बनिरहेको हुँदा उत्पादन भएको किवीले राम्रो बजार पाउनेमा आशावादी रहेको राईको भनाइ छ । "मैले खेती गर्न थालेपछि अन्य साथीको पनि यसतर्फ आकर्षण बढेको छ । सडकको पहुँच वृद्धि भइरहेको छ । आगामी दिनमा बजारीकरणसमेतमा थप सहजता हुने आशा बढेको छ", कृषक राईले भन्नुभयो ।

त्यस्तै टेम्केमैयुङ गाउँपालिका-५ मझौलेका स्थानीयबासी एकराज विष्टले पनि किवीको व्यावसायिक खेती गरिरहेको बताउनुभयो । विष्टले करिब सात रोपनी क्षेत्रमा गत वर्षबाट किवी खेतीको विस्तार थालेको बताउनुभयो । विष्टले भन्नुभयो, "राम्रो आम्दानी हुने भएपछि मैले व्यावसायिक खेती थालेको छु । फल लिनको लागि तीनदेखी चार वर्षसम्म लाग्छ । तर अन्यबालीको तुलनामा किवी खेतीबाट राम्रो आम्दानी लिन सकिन्छ । म धेरै वर्ष विदेशमा बसेर अहिले नेपालमै किवीको खेतीमा लागेको हुँ ।"

किवी खेतीबाट सोचेजस्तो आम्दानी लिन सुरुमा जमिन तयार गर्दा विषेश ध्यान दिनुपर्ने उहाँको भनाइ छ । पहिलो पटक खेती विस्तार गर्ने कृषकले कृषि प्राविधिक अथवा अनुभवी कृषकको सल्लाह लिनुपर्ने उहाँले बताउनुभयो। कृषक विष्टले भन्नुभयो, "खास गरेर किवीको विरुवा हिउँद महिना अर्थात पुसदेखि माघ अन्तिमसम्म लगाउन उपयुक्त हुन्छ । विरुवा विस्तार गर्नुपूर्व तीनदेखी चार फिट गहिराई र सोही बराबरको चौडाइमा प्राङ्गारिक मल कुवाएर लगाएमा राम्रो फस्टाउँछ ।"रासस

### जसपालाई नागरिकता विधेयक घाँडो

# सत्तारुढ गठबन्धनको प्रमुख मुद्दा

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ चर्चामा छ । जनता समाजवादी पार्टी (जसपा) का प्रदीप यादव, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का लक्ष्मणलाल कर्ण र कांग्रेसका विद्रोही अजय द्विवेदीबीच त्रिकोणात्मक प्रतिस्पर्धा देखिएको छ ।




एमालेसितको गठबन्धनबाट जसपाका उम्मेदवार यादव निवर्तमान सांसद हुन् ।उनी चुनावी अभियानलाई सर्वाधिक तीव्र बनाएका छन् । तर विश्लेषकहरुका अनुसार जित निकाल्न उनलाई सकस छ । सत्तारुढ गठबन्धनबाट लोसपाका उम्मेदवार लक्ष्मण लाल कर्ण प्रचारको क्रममा केही कमजोर देखिएका छन् । तर उनले उठाएको नागरिकता विधेयक सम्बन्धी मुद्दाले यादवलाई ठूलो धक्का दिने देखिएको छ ।

कर्णका लागि नेपाली कांग्रेसका युवा नेता अजय द्विवेदीको विद्रोह भारी भएकोछ । चुनावमा द्विवेदी निर्णायक हुन सक्ने अनुमान गर्न थालिएको छ । २०७४ सालको आमनिर्वाचनमा कर्णले निर्वाचन क्षेत्र नम्बर ४ बाट चुनाव जितेका थिए । यस पटक उनी क्षेत्र फेरेर १ नम्बरमा आएका छन् । यादव र द्विवेदी सो क्षेत्रका राजनीतिकर्मी हुन् ।

कांग्रेसले द्विवेदीको पक्षमा लागे कर्णलाई कठिन हुनेछ । यादवलाई सहज हुन सक्छ । तर यादव हराउ अभियानमा सकृय रहेकाहरुले द्विवेदी र कर्ण मध्ये अग्रता लिएकालाई सघाउने सोचमा छन् । यादवका लागि मुख्यमन्त्री राउत पनि सहयोगी हुन सकेका छैनन् । राउतसित वीरगञ्जका बासिन्दाहरु सन्तुष्ट छैनन् । उनले वीरगञ्जलाई प्रदेशको राजधानीका लागि सकारात्मक पहल नगरेको आरोप खेप्नु परिरहेको छ ।

एमालेसितको गठबन्धन पनि यादवका लागि समस्या देखिएको छ । जन्मसिद्धका सन्तानलाई वंशज नागरिकता र वैवाहिक अंगीकृत नागरिकता तत्काल दिनुपर्ने मागका




लागि सदनदेखि अदालत सम्म पुगेका निवर्तमान सांसद यादव एमालेसितको गठबन्धनबाट उम्मेदवार हुँदा त्यो मुद्दालाई बिर्सेका छन् ।

विपक्षी उम्मेदवारहरुले नागरिकता सम्बन्धी विधेयक पारित नहुनुको प्रमुख बाधक एमाले र त्यसका मतियार जसपा रहेको प्रचारलाई जोड दिएका छन् । उनीहरुले एमालेलाई जसपाले भित्रैबाट सहयोग गरेर नागरिकता सम्बन्धी विधेयकमा अवरोध गरेको आरोप लगाउने गरेका छन् ।

मधेश प्रदेशमा नागरिकता सम्बन्धी विधेयकलाई राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरेपछि आन्दोलन भएको थियो । जसपाले थालेको सो आन्दोलन एमालेसित सहकार्यका लागि छलफल सुरु भए लगतै सेलाएको थियो । वैवाहिक अंगीकृत नागरिकताका लागि ७ वर्ष कुर्नुपर्ने र जन्मसिद्धका सन्तानलाई वंशज नागरिकता दिन नहुने पक्षमा एमाले रहेको छ ।

सत्तारुढ गठबन्धनबाट १ को ख मा नेपाली कांग्रेसका रामनारायण कुर्मी प्रदेशमा उम्मेदवार छन् । एमालेसितको गठबन्धनबाट जसपाका लालबाबु राउत प्रतिस्पर्धामा छन् । स्वतन्त्र उम्मेदवारी दिएका शशिकपुर मियाँले राउतलाई सर्वाधिक क्षति पुऱ्याउने संभावना रहेको स्थानीयहरुको कथन छ । कुर्मी र मियाँले राउत विरुद्ध भ्रष्टाचार लगायत अनेक आरोप लगाउने गरेका छन् ।

त्यसैगरी क बाट सत्तारुढ गठबन्धनबाट माओवादीका रहवर अन्सारीले प्रदेश सभा सदस्यका लागि उम्मेदवारी दिएका छन् । जसपा गठबन्धनबाट एमालेका बिचारी यादव उम्मेदवार छन् । स्वतन्त्र उम्मेदवारी दिएका जन्नत अन्सारीपनि प्रतिस्पर्धामा रहेका छन् ।

प्रदेश सभाका उम्मेदवार र प्रतिनिधि सभाका उम्मेदवार गठबन्धनबाट रहे पनि व्यक्तिगत हितलाई प्राथमिकता दिएर प्रचार प्रसारमा उत्रेका छन् । प्रदेशका उम्मेदवारले गर्ने प्रचारमा प्रतिनिधि सभा सदस्यलाइ दिने महत्वजति प्रतिनिधि सभाका उम्मेदवारहरुले दिएको देखिदैन् । प्रतिनिधि सभा सदस्यमा यादवलाई सकस छ । द्विवेदीको उम्मेदवारीले कर्णलाई केही कमजोर बनाइएको अनुमान गरिएको छ । तर लोसपाले द्विवेदीको उम्मेदवारीबाट कुनै फरक नपर्ने दाबी गरिरहेको छ ।

# रौतहटमा सत्ता गठबन्धन भत्कियो

**ओम प्रकाश यादव**

रौतहट । रौतहट क्षेत्र नं ३ मा सत्ता गठबन्धन भत्किएको छ । सत्ता गठबन्धनका नेताहरु आफ्ना उम्मेदवारको साथ छोडेर प्रतिनिधिसभा सदस्यको स्वतन्त्र उम्मेदवारलाई साथ दिएपछि गठबन्धन टुटेको छ । गठबन्धन भत्किएपछि क्षेत्र नं ३ को राजनीतिले नयाँ मोड लिएको छ ।



पाँच दलीय गठबन्धन रौतहटका नेताहरु क्षेत्र नं ३ का प्रतिनिधिासभा सदस्यमा माओवादी केन्द्रबाट उम्मेदवारी दिएका धीरज पटेलको साथ छोडी प्रतिनिधिासभा सदस्यका नेपाली कांग्रेसका बागी (स्वतन्त्र) उम्मेदवार ओम प्रकाश जयसवाललाई साथ दिएका छन् ।

गठबन्धनले पटेललाई उम्मेदवार बनाए पनि अर्का स्वतन्त्र उम्मेदवार प्रभु साहलाई समर्थन गर्ने निर्णय गरेपछि आफू कुनै हालतमा साहलाई समर्थन नगर्ने भन्दै नेकपा एकीकृत समाजवादीका प्रदेशसभा 'क' का उम्मेदवार नागेन्द्र यादव र कांग्रेसका प्रदेशसभा 'ख' का उम्मेदवार सुनिल कुमार यादव भनिने जितेन्द्र सहित माओवादीका नेताहरु पनि स्वतन्त्र उम्मेदवार जयसवाललाई सहयोग गरेका छन् ।

सत्तारुढ पाँच दलीय गठबन्धनका शीर्ष नेताहरुले रौतहट क्षेत्र नं ३ को माओवादी केन्द्रबाट धीरज पटेल प्रतिनिधिसभा सदस्यका उम्मेदवार हुँदाहुँदै आफूखुसी धीरजलाई बाइपास गरी अर्का प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार साहलाई समर्थन गर्न अर्थात सहयोग गर्ने निर्णय गरेपछि सत्ता गठबन्धनकै नेताहरु असन्तुष्ट भएका छन् ।

असन्तुष्ट बनेका नेकपा माओवादी केन्द्रका अधिकांश नेता कार्यकर्तासहित नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीका सिंगो नेता कार्यकर्ता नै साहलाई आफूहरु कुनै हालतमा गठबन्धनको उम्मेदवार स्वीकार गर्न नसक्ने भन्दै कांग्रेसका बागी उम्मेदवार जयसवाललाई साथ दिएका छन् ।

सत्ता गठबन्धनका शीर्ष नेताहरुले धीरजलाई फिर्ता हुन र अर्का स्वतन्त्र उम्मेदवार साहलाई समर्थन गर्न जिल्लाका सत्ता गठबन्धनका नेताहरुलाई आग्रह गरे पनि दुबै उम्मेदवार साह र पटेललाई समर्थन गर्न अस्वीकार गरी कांग्रेसका बागी उम्मेदवार ओम प्रकाश जयसवाललाई समर्थन गरी घरदैलो कार्यक्रमलाई तीव्रता दिइरहेका छन् ।

पटेलबाट साह पराजित हुन नसक्ने र जयसवालले साहलाई पराजित गर्न सक्ने अवस्था देखिएपछि कांग्रेस र नेकपा एसका दुबै प्रदेश सांसदका उम्मेदवारहरुसँगै माओवादी केन्द्रका केन्द्रीय सदस्य विन्देश्वर यादव, युवा नेता नश्रुदिन अन्सारी, नेकपा एसका जिल्ला अध्यक्ष कमल यादवसहितका नेताहरु स्वतन्त्र उम्मेदवार जयसवाललाई नै खुलेर साथ दिएका छन् ।

निर्वाचन क्षेत्र नं ३ प्रदेशसभा ख का सत्तारुढ पाँच दलीय गठबन्धनका नेपाली कांग्रेसका प्रदेशसभा सदस्यका उम्मेदवार सुनिल कुमार यादवले आफ्ना गठबन्धनका प्रतिनिधिसभा सदस्यका उम्मेदवार पटेललाई बाइपास गरी प्रतिनिधिसभाका नेपाली कांग्रेसकै बागी स्वतन्त्र उम्मेदवार जयसवाललाई साथ दिएपछि नयाँ तरंग पैदा भएको छ ।

सत्ता गठबन्धनको तर्फबाट नै नेकपा एकीकृत समाजवादी पार्टीबाट क्षेत्र नं ३ (क) को प्रदेश सांसदका लागि उम्मेदवारी दिएका नागेन्द्र यादवले पनि यसअघि नै सत्ता गठबन्धनका प्रतिनिधिसभा सदस्यका उम्मेदवार पटेलको साथ छाडिसकेका छन । पटेलको साथ छाडेका यादव प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेदवार जयसवाललाई सघाइरहेका छन् ।

कटहरिया नगरपालिका वडा नं ४ हर्षाहामा विहीवार नेपाली कांग्रेसका जिल्ला सभापति एवं प्रदेशसभा ख का उम्मेदवार सुनिल यादवले प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार जयसवालसँग संयुक्त रुपमा शुभकामना आदान प्रदान तथा भेटघाट कार्यक्रमलाई तीव्रता दिएका छन् ।

सो कार्यक्रममा नेकपा एकीकृत समाजवादी पार्टीका जिल्ला अध्यक्ष कमल यादवले आउँदो मंसिर ४ गते हुने निर्वाचनमा क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवार जयसवालको जित कसैले चाहेर पनि रोक्न नसक्ने दाबी गरे ।

जयसवाल स्वतन्त्रबाट चुनाव लडे पनि उनलाई सत्ता गठबन्धनको पूर्ण साथ र सहयोग रहेकोले उनको जित कसैले रोक्न नसक्ने उनले बताए ।

परिवारवाद र भ्रष्टाचारमा लिप्त, आफ्ना व्यक्तिगत स्वार्थका लागि पटक पटक पार्टी परिवर्तन गर्ने, हत्या, हिंसा जस्ता कार्यलाई बढावा दिने तथा तानाशाही प्रवृति देखाउने प्रभु साहको तानाशाही प्रवृतिका कारण जनता आजित भइसकेकोले उनलाई हराउन सहयोग गर्नुको सट्टा गठबन्धनले उल्टै समर्थन गर्न भनेपछि आफूहरु जयसवाललाई साथ दिएको उनले बताए ।

आफ्ना व्यक्तिगत स्वार्थ पूर्तिका लागि पटक पटक पार्टी परिवर्तन गर्ने, प्रचण्ड मुक्त देश बनाउनु पर्छ भनी अभिव्यक्ति दिने, हत्या, हिंसा जस्ता कार्यलाई बढावा दिने, भ्रष्टाचार तथा परिवारवादमा लिप्त साहलाई आफुहरु कुनै हालतमा समर्थन नगर्ने उनले बताए ।

# छठ पर्वको तयारी

**टुडे समाचारदाता**

राजविराज । दशैं तिहार समाप्तिसँगै अहिले तराई मधेशवासीले लोक आस्थाको पर्व छठ धुमधाम साथ मनाउन उत्साहपूवर्क जुटेका छन् ।

जिल्लाको विभिन्न ताल, तलाउ र जलाशयलाई सफा गरी पूजाघाट तयार गर्ने काममा स्थानीय व्यस्त भएका छन् ।



जिल्लाको सप्तकोशी नदीका साथै सदरमुकाम राजविराजस्थित कल्टु, पूर्णी, तुरन्ती, शिव, भगवती लगायतका पोखरी सरसफाइ र घाट बनाउने काम तीव्र रुपमा अघि बढेको छ ।

छठ मनाउने भक्तजनका साथै विगत एक सातादेखि राजविराज नगरपालिकाका सफाइकर्मी, नगरका जलाशयहरुमा खटिएका छन् ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत निरन्जन प्रसाद यादवको अगुवाइमा नगरपालिका भित्रका जलाशय सरसफाइमा एउटा टोली नै परिचालित भएका छन् । कतिपय जलाशय सफाइमा सेना र प्रहरीले पनि सघाएका छन् ।

सूर्यको आराधान गरी मनाइने छठ पर्व अन्तर्गत यसपल्ट शुक्रबारबाट नहाय खाय विधिबाट शुरु हुने पण्डित दुर्गानन्द मिश्रको भनाइ छ । दोश्रो दिन शनिबार खरना, तेश्रो दिन आइतबार साँझ सन्ध्याकालीन अर्घ तथा चौथो दिन सोमबार बिहान सम्पूर्ण पूजन सामग्रीसहित उदाउँदो सूर्यलाई अर्घ दिने पण्डित मिश्र बताउँछन् ।

यता छठ पर्व मनाउन स्थानीयवासी आवश्यक सामग्री किन्न हटिया बजारतर्फ भीड लागेका छन् । यहाँका गाउँ, ग्रामीण हाटदेखि शहरमा छठको चहलपहल बढेको छ । बजारमा छठको सामान किन्नेको घुँइचो देखिएको छ । विगत भन्दा यस वर्ष बजार भाउ निकै बढेको स्थानीय भक्तजनको गुनासो छ ।

यता छठ पर्व मनाउने जलाशय र पूजा घाटहरुमा आवश्यक सुरक्षा व्यवस्थापनका लागि विशेष सुरक्षा तयारी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता समेत रहेका डिएसपी नरेश सिंहले बताए ।

जिल्लावासीलाई ढुक्क भएर छठ पर्व मनाउन विशेष सुरक्षा तयारी गरिएको छ, उनले भने भीड व्यवस्थित र सर्वसाधारणको शान्ति सुरक्षाका लागि ठूलो संख्यामा सादा पोशाकका प्रहरीसमेत परिचालन हुने छ ।

पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा हुने जनविश्वासका साथ श्रद्धापूर्वक मनाइने यो पर्व मनाउनेको संख्या प्रत्येक वर्ष वृद्धि भइरहेको छ ।

# दलको प्रचार कार्यालय सुनसान, खर्च धान्नै गाह्रो

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि र प्रदेश सभाको चुनावका लागि उम्मेदवारहरुले वडा पिच्छे खोलेका प्रचार प्रसार कार्यालय सुनसान रहने गरेको छ । कार्यालय खोल्ने क्रममा भारी भीड रहनेगरे पनि एक/दुई दिनमै सुनसान हुन थालेको स्थानीय बासिन्दाहरुले बताउने गरेका छन् ।



निर्वाचन आयोगले प्रतिनिधि सभाका उम्मेदवारलाई तीनवटा र प्रदेश सभाका उम्मेदवारलाई एउटा कार्यालय खोल्ने स्वीकृति दिएको छ । तर त्यस विपरीत उम्मेदवारहरुले वडा पिच्छे प्रचार कार्यालय खोल्ने क्रमलाई निरन्तरता दिएका छन् ।

सत्तारुढ गठबन्धन र विपक्षी गठबन्धनका उम्मेदवारहरुबीच प्रचार कार्यालय खोल्ने प्रतिस्पर्धा नै चलेको छ । तर कार्यालय सञ्चालनको निरन्तरता खर्चिलो बनेको छ । नाम उल्लेख नगर्ने शर्तमा एकजना उम्मेदवारले भने, कार्यालय खोल्नु बाध्यता जस्तै छ । तर त्यसको सञ्चालन अत्यन्त खर्चिलो रहेको छ ।

दिनभरि सुनसान रहने प्रचार कार्यालयमा साँझ युवा कार्यकर्ताहरु देखिन्छन् । तर उनीहरुले साँझ रमझमको व्यवस्था नदेखेपछि उम्मेदवारलाई गाली गर्दै हिड्ने गरेको उम्मेदवारहरु पनि स्वीकार छन् ।

उम्मेदवारहरुले चुनाव प्रचारका लागि सामान्य खर्च बाहेक खानपिन (रमझम) मा हात खोलेका छैनन् । उम्मेदवारसँगै रहने सीमित कार्यकर्ता बाहेकलाई रमझमको सुविधा प्राप्त नभएको युवाहरु बताउँछन् । चुनावलाई अत्यन्त खर्चिलो बताइए पनि हाल सम्म उम्मेदवारहरुले खर्चलाई नियन्त्रण नै गरेका छन् । चुनावमा अप्रत्याशित खर्च हाल सम्म भएको देखिदैन् । उम्मेदवार हरुले सामाजिक सञ्जाल बाहेक प्रचारको माध्यम घरदैलोलाई नै बनाएका छन् ।




उम्मेदवारहरु बिहानदेखि अबेर राती सम्म घरदैलो कार्यक्रम गरेको देखिन्छ । तराईमा चुनावले छठ पर्वपछि गति लिने लक्ष्मीनियाँ गाउँपालिकाका युवा राजनीतिकर्मी देवचन्द्र झा बताउँछन् । 'तराईमा दशैं, दीपावली र छठ पर्वमा हिन्दूहरु पूजापाठमा सकृय रहने गर्छन्' उनले भने, त्यसकारण छठ पर्वपछि मधेश प्रदेशमा चुनावले गति समात्ने छ ।

छठ पर्वपछि उम्मेदवारहरुले सम्पूर्ण ताकत मतदातालाई रिझाउन लगाउने उल्लेखगर्दै झाले भने, प्रतिस्पर्धामा रहेका उम्मेदवारहरुले क्षमता भन्दा पनि बढी खर्च गर्न पछि पर्ने छैनन् । त्यसपछि मात्र प्रचार कार्यालयमा भीडभाड देखिने छ ।

चुनावको क्रममा मतदातालाई प्रभावित पार्न प्रयोग गरिने विभिन्न अस्त्रहरु खर्चिलो हुने गरेको बताइन्छ । हाल चुनाव प्रचारको क्रममा सम्भ्रान्त उम्मेदवार अथवा सामान्य उम्मेदवारबीच सवारी साधन बाहेक धेरै भिन्नता देखिएको छैन् । तर चुनावको मिति नजिकिने क्रमसँगै फरक देखिन थालिएको छ ।

मधेश प्रदेशको सबै निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा सदस्यका लागि कडा प्रतिस्पर्धाको संकेत देखिन थालिएको छ । शीर्ष नेताहरुको भविष्य जोडिएको क्षेत्रहरुमा भने सोझो प्रतिस्पर्धा हुन सक्ने संभावना बढन थालेको छ ।

हुनत अहिले मतदाताहरु खुलिसकेका छैनन् । तर उम्मेदवारहरुले आर्थिक लगानी बढाउन थालेका छन् । उम्मेदवारहरुले खर्च नबढाए सम्म प्रचारप्रसार कार्यालय सुनसान नै रहने झाको कथन छ ।

उम्मेदवारहरुले वाडैपिच्छे खोलेका प्रचार कार्यालय तत्कालका लागि प्रचार मुखी भए पनि त्यो अत्यन्त खर्चिलो रहेको झाले बताए । 'प्रचार कार्यालयको खर्च धान्नै उम्मेदवारहरुलाई धौ धौ पर्न थालेको छ' उनले भने, बिहान देखि त्यहाँ बस्ने कार्यकर्ताहरुलाई खाजा, खाना र रात्री रमझमको व्यवस्था गर्नु त सामान्य नै हो ।

# मिथिलामा मनाइयो भरदुतिया पर्व

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला क्षेत्रमा बिहीबार भरदुतिया पर्व मनाइएको छ । यमपञ्चक अर्थात् दीपावली पर्वको पाँचौं दिन कात्तिक शुक्ल द्वितीया तिथिमा दाजुभाइले दिदीबहिनीको निम्ता मान्दै यो चाड मनाउने मैथिल परम्परा रहँदै आएको छ ।

सामान्यतया पाँच दिनको हुने यमपञ्चक यसपालि भने धनतेरस गत शनिबार नै मनाइँदा छ दिनको भएको छ । दिनमा तिथिको भोग घटबढले यसपालि छ दिनको यमपञ्चक परेको हो ।



भरदुतिया, भातृद्वितीया पनि भनिने यो पर्वमा विवाहित दिदीबहिनीले दाजुभाइलाई घरमा निम्ता गर्छन् । यमपञ्चकमा पर्वते मूलका र मैथिल हिन्दूको पर्व मनाउने पौराणिक कथावस्तु भने एउटै पाइन्छ । अघि सत्ययुगमा राजा बलिका बहिनी गङ्गा र यमुनाले दाजुको सौर्यवृद्धि, कल्याण र दीर्घजीवनको कामना गर्दै सप्तरङ्गी टीका लगाइदिएका कथा नै यो पर्वको आधार परम्परा रहँदै आएको छ ।

मैथिल परम्पराको भरदुतिया पर्वमा दिदीबहिनीले दाजुभाइलाई निम्ता गर्ने चलन छ । विवाहित दिदीबहिनीको निम्ता मान्न दाजुभाइ नयाँ वस्त्र, आभूषण कोसेली लिएर जाने गर्छन् । पर्वमा दिदीबहिनीले घरमा पिठार (पानीमा घोलिएको अरवा चामलको पिठो)ले अरिपन (चतुष्कोण घेरा) बनाएर त्यो सीमाभित्र काठको पिरामा दाजुभाइ बसाउँछन् । टाढाबाट थाकेर आएका दाजुभाइको गोडा कोपरामा राखेर तातोपानीले धुने गरिन्छ । त्यसपछि अञ्जुली फैलाएका दाजुभाइलाई पिठार, पानको पात र सुपारी राखी दिएर दिदीबहिनीले सप्तरङ्गी टीका लगाइदिने मैथिल परम्परा छ ।

मैथिल परम्परामा यो विधि सम्पन्न गरि एसँगै दिदीबहिनीले गङ्गा, यमुनाको जस्तै वेग र कीर्ति दाजुभाइको होस् भन्दै गीतबाट भाव व्यक्त गर्दछन् । मिथिलामा दाजुभाइ दिदीबहिनीबीच आपसी प्रेम सम्बन्ध प्रगाढ बढाउने तीन पर्व परम्परा चलेका छन् । साउन पूर्णिमाका दिन दाजुभाइलाई बाँधिने सप्तरङ्गी डोरा 'राखी' बाँधीदिने र यमपञ्चक अर्थात् तिहारको कार्तिक शुक्ल द्वितीयाका दिन मनाइने भरदुतियाको कथावस्तु पौराणिक गाथामा आधारित राजा बलि र उनका दिदीबहिनी गङ्गा-यमुना नै हुन् । कार्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म मनाइने सामाचकेवा पर्व भने द्वापरयुगकालीन भगवान् श्रीकृष्णका पुत्र साम्ब र छोरी सामाबीच दाजुबहिनीको प्रेमपूर्ण स्नेह, समर्पण र त्यागको कथावस्तुमा आधारित छ ।

पछिल्ला वर्षहरूमा मिथिलाका मूल बासिन्दा र यहाँ बसोबास गर्न आएका अन्य जाति, धर्म, परम्परा र संस्कृतिका विभिन्न समुदायबीच सांस्कृतिक घुलमिलले चाडवाड साझा बन्दै गएका छन् । पर्वते हिन्दू परम्पराको भाइटीका र मैथिल परम्पराको भरदुतिया मनाउन दिदीबहिनी र दाजुभाइ मानेर फरक-फरक परम्पराका युवापुस्ता एकसाथ पर्व मनाउन थालेका छन् । आपसी सद्भाव वृद्धि र सामाजिक, सांस्कृतिक एकताको जग मजबुत बनाउन यसले सहयोग पुऱ्याइरहेको पाका मैथिल बताउँछन् ।

# हात्तीको आक्रमणबाट एकको मृत्यु

**टुडे समाचारदाता**

कलैया । बाराको जितपुरसिमरा उपमहानगर वडा नम्बर २१ की रुकैया खातुनको पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती वन क्षेत्रभित्र बाखा चराउने क्रममा जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।



५१ वर्षीय खातुन हात्तीको आक्रमणबाट गम्भीर घाइते भएकामा सिमरास्थित अल्पाइन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले जानकारी दिए ।

'हामीले रोक्दारोक्दै निषेधित क्षेत्रभित्र बाखा चराउन जादा जंगली हात्तीको आक्रमणवाट कम्मरमुनि गम्भीर चोट लागेको थियो पछि उपचारको क्रममा मृत्यु भयो,' प्रमुख संरक्षण अधिकृत अशोकरामले भने ।

जंगली हात्तीको आक्रमणबाट मृत्यु भएकी खातुनको परिवारलाई तत्काल किरिया खर्च ५० हजार र राहत स्वरुप १० लाख रुपैयाँ क्षतिपूर्ति दिइने निकुञ्जले जनाएको छ । एकसाता अघि पनि पर्सा निकुञ्जभित्रै आफैले पालेको हात्तीको आक्रमणबाट माउतेको मृत्यु भएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८